# प्रभाव दैनिक
National Daily

| वर्ष ११ | अंक १३९ | काठमाडौं | आइतबार, २३ भदौ २०८१ | Prabhab National Daily | Sunday, September 08, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।- |
|---|---|---|---|---|---|---|---|---|



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




भक्तपुरको सूर्यविनायक-८ डोलेश्वर क्षेत्रमा व्यावसायिकरूपमा पालिएका मौरी । *तस्विर: चन्द्रकला क्षेत्री/रासस*

# ओली सरकारविरुद्ध कांग्रेसको इतरसमूह

- एमाले नेतृत्वको सरकारविरूद्ध कांग्रेसको इतरसमूह
- एमालेबाट मन्त्री भएका सञ्चार र भूमिसुधार मन्त्रीको राजीनामा माग
- डा. शेखर कोइरालासँगै महामन्त्री गगन थापा सरकारविरूद्ध चर्किंदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वर्तमान सत्ता गठबन्धनको मूल सूत्रधार मानिने नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले नेतृत्व गरेको संस्थापनइतरसमूह सरकारविरुद्ध उभिन थालेको छ । यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकार ढल्नु पहिले पनि उक्त समूह सरकारविरुद्ध उभिएको थियो ।

सातबुँदे समझदारीअनुसार ३० असारमा ओली नेतृत्वमा कांग्रेस सम्मिलित गठबन्धन सरकार बनेको हो । यति छोटो अवधिमै उक्त समूहका नेताहरू सरकारविरुद्ध उभिँदै एमालेका मन्त्रीहरूको राजीनामा माग्न थालेका छन् ।

गत शनिबार सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले पोखरा पुगेर 'प्रहरी महानिरीक्षक (वसन्तबहादुर कुँवर)को जिब्रो थुत्नुपर्ने' हिंसाप्रेरित अभिव्यक्ति दिएका थिए । त्यसविरुद्ध कांग्रेस सांसद शंकर भण्डारीले विज्ञप्ति निकालेर गुरुङलाई बर्खास्त गर्न माग गरिसकेका छन् । देशको शान्ति सुरक्षामा तलमाथि भए त्यसको जिम्मेवार प्रधानमन्त्री ओली हुने उनको चेतावनी छ ।

कांग्रेसनिकट सहकारीपीडितहरूले नेकपा एमालेबाट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री भएका बलराम अधिकारीको पनि राजीनामा माग्दै आएका छन् । उनीहरूले पछिल्ला दिनमा काठमाडौंमा प्रदर्शन गरेका छन् । मन्त्री अधिकारीको पुत्लासमेत जलाए ।

बुधबार मन्त्री अधिकारीले बैंकबाट कम ब्याजमा रकम लिएर बढी ब्याज खान सहकारीमा पैसा राख्नेहरूले आन्दोलन गरेको आरोप लगाएका थिए । त्यसपछि कांग्रेसनिकट सहकारीपीडितहरूको निसानामा मन्त्री अधिकारी परे । यसबाहेक अघिल्लो साता सम्पन्न कांग्रेस केन्द्रीय समिति बैठकमा इतरसमूहका नेताहरू सरकारविरुद्ध चर्को सुनिए । समूहका मूल नेता डा. कोइरालाले त बैठकमा एमालेसँगको सत्ता सहकार्यले पार्टीलाई पुग्ने क्षतिबारे विश्लेषण नै सुनाएका थिए ।

इतरसमूहमै रहेका महामन्त्री गगन थापाले एमाले नेतृत्वको सरकार सफल बनाएर आगामी निर्वाचनमा एमालेसँगै प्रतिस्पर्धा गर्नुपर्ने अवस्था कांग्रेसका लागि चुनौतीपूर्ण रहेको औंल्याएका थिए । थापाको यो अभिव्यक्तिको घुमाउरो अर्थ एमालेसँगको गठबन्धनलाई निरन्तरता नदिउँ भन्ने बुझिएको बैठकमा सहभागी एक नेताले बताए ।

(क्रमशः पृष्ठ २ मा)

इपिजी प्रतिवेदन

# भारतले बुझ्ने झिनो आशा

- भारतीय समकक्षी नरेन्द्र मोदीले इपिजी प्रतिवेदन बुझ्ने आशा
- केही असहमति जनाउँदै साढे छ वर्ष हुँदा पनि प्रतिवेदन बुझ्न मोदीको आलटाल
- इपिजी प्रतिवेदनका सुझावअनुसार दुई देश अघि बढे सीमा समस्या समाधान हुने विश्वास



■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल र भारतका प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)को प्रतिवेदन भारतले बुझ्ने अपेक्षा व्यक्त गरेका छन् । साढे छ वर्षअघि तयार गरिएको प्रतिवेदन बुझेर भारतले छिट्टै नेपाल-भारत सीमा समस्या समाधानका लागि तत्परता देखाउने उनको भनाइ छ ।

तर, आफूले पुस्तक विमोचन गर्दै हिँड्न भ्याउँदा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले इपिजी बुझ्न नभ्याएको भनेर ओलीले व्यंग्य गरे । 'बुझाउने मौका उहाँहरू (प्रबुद्ध व्यक्तिहरू) ले पाउनुभएको छैन । अब यता नेपालतिर त प्रधानमन्त्रीहरू फुर्सदमा नै देखिन्छ । म पनि यहाँ पुस्तक विमोचन गरेर हिँडेको छु,' ओलीले शनिबार बालुवाटारमा सूर्यनाथ उपाध्यायको नयाँ पुस्तक सार्वजनिक गर्दै भने, 'इपिजीको रिपोर्ट बुझ्नै नभ्याउने त के हुन्छ र ? हामीहरूलेचाहिँ बुझ्न नभ्याएको हैन । तर, भारततिरबाट अलिकति भ्याइराखेको स्थिति छैन ।'

उनले इपिजी प्रतिवेदनमा उल्लिखित सुझावका आधारमा नेपाल-भारत सीमा समस्या समाधानका लागि छलफल गरेर अघि बढ्न सकिने बताए । 'नेपाल र भारतका बीचका केही समस्याहरू छन् । तिनलाई धेरै ठूलो समस्या भन्न हुन्न । तर, त्यो समाधान गर्नै नसकिने समस्या होइन,' उनले भने, 'अलि सहनशीलता, फराकिलो मन भयो र न्यायोचित मनका साथ कुराकानीमा बस्ने हो भने समाधान गर्न नसकिने भन्ने कुरै हुँदैन ।'

> इपिजीको प्रतिवेदन बुझ्नै नभ्याउने त के हुन्छ र ! म यहाँ पुस्तक विमोचन गरेर हिँडेको छु । हामीले नभ्याएको हैन, भारततिरबाट चाहिँ अलि भ्याइराखेको स्थिति छैन ।
>
> ■ **केपी शर्मा ओली**
> **प्रधानमन्त्री**

प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदन दराजमा थन्किएको साढे छ वर्ष भइसकेको छ । यसअघि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले त अझ भारतले प्रतिवेदन नबुझे नेपाल एक्लैले बुझ्ने र सार्वजनिक गर्ने चेतावनी दिएका थिए ।

समूहका संयोजक डा. भेषबहादुर थापाको मत पनि दाहालको जस्तै छ । उनले भारतले नबुझे नेपाल आफैंले बुझेर सार्वजनिक गर्नुपर्ने बताउने गरेका छन् । नेपाल-भारतबीच भएका असमान सन्धि सम्झौतादेखि द्विपक्षीय सम्बन्धको सबै पक्षमा छलफल गरेर सरकारलाई सुझाव पेस गर्न गठित प्रबुद्ध व्यक्ति समूह 'इपिजी'ले २०७५ सालमै प्रतिवेदन तयार पारेको थियो ।

समूहका सदस्यहरूका अनुसार प्रतिवेदनमा समावेश गरिएका सुझावहरू नेपाल-भारतबीचको सम्बन्धलाई नयाँ आयाम दिने गरिएका छन् । सोही प्रतिवेदन बुझ्न भारतीय प्रधानमन्त्री मोदी अझैसम्म अनिच्छुक छन् । नेपालका प्रधानमन्त्री ओलीको पनि चासो थिएन । तर, शनिबार भने नेपालको तर्फबाट प्रबुद्ध समूहका एक जना सदस्य रहेका उपाध्यायको पुस्तक विमोचन समारोहमा ओलीले मुख खोले ।

प्रबुद्ध व्यक्ति समूहको नेपालका सदस्य डा. राजन भट्टराईका अनुसार समूहले दुई वर्ष लगाएर प्रतिवेदन तयार गरेको हो । प्रतिवेदन सुरुमा भारतीय प्रधानमन्त्री मोदीलाई बुझाउने समूहमा समझदारी पनि भएको थियो । त्यसपछि नेपालका प्रधानमन्त्रीलाई बुझाउने र पत्रकार सम्मेलन गरी दुई देशकै जनतालाई थाहा दिने भनिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# रोजगार सम्मेलनमा भाग लिन जापान जाँदै श्रममन्त्री भण्डारी

- असोज ३ गते टोकियोमा हुने जापान-नेपाल रोजगार सम्मेलन
- जापानमा नेपाली श्रमिक पठाउनेगरी मन्त्री भण्डारीको भ्रमण हुन लागेको जानकारी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी रोजगार सम्मेलनमा भाग लिन जापान जाने भएका छन् । मन्त्री भण्डारी आगामी असोज ३ गते टोकियोमा हुने जापान-नेपाल रोजगार सम्मेलनमा भाग लिन जाने भएका हुन् ।

उनको जापान भ्रमण गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरिसकेको छ । रोजगार सम्मेलनमा जापानसँगको श्रम सम्बन्ध र रोजगारीका विषयमा छलफल हुने बताइएको छ । टोकियोस्थित नेपाली दूतावास र जापान एसोसिएसन फर द इम्प्लोइमेन्ट अफ फरेन नेसनलको संयुक्त आयोजनामा हुने सम्मेलनको उद्घाटन मन्त्री भण्डारीले गर्ने उनको सचिवालयले जनाएको छ ।

जापानले आफ्नो श्रमबजारमा स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यु) अन्तर्गत नेपाली श्रमिक लैजाने गरी सन् २०१९ मा जिटुजी सम्झौता गरेको थियो । सम्झौताको पाँच वर्ष बितिसक्दा पनि नेपाल सरकारले प्रक्रियागतरूपमा नेपाली श्रमिक पठाउन सकेको छैन । सरकारी अन्योलताका कारण उतिबेलै भाषा र सीप परीक्षा पास गरेका पाँच हजारभन्दा बढी श्रमिकले संस्थागतरूपमा जापान जान पाएनन् । तर, विभिन्न माध्यमबाट रोजगारीका लागि जापान जाने नेपालीको संख्या भने बढ्दो छ ।

आकर्षक गन्तव्यको रूपमा रहेको जापानमा हुने रोजगारसम्बन्धी सम्मेलनमा मन्त्री भण्डारीको सहभागिताले आगामी दिनमा रोजगारीको ढोका खोल्न मद्दत पुग्ने उनको सचिवालयले जनाएको छ । मन्त्री भण्डारीले आफूले अघिल्लोपटक मन्त्री हुँदा जारी गरेको 'जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८०' कार्यान्वयन नभएकोप्रति चासो दिएका छन् । उनी उक्त कार्यविधि पुनः लागू गर्ने पक्षमा रहेको मन्त्रालयका एक उच्च अधिकारी बताउँछन् ।

(क्रमशः पृष्ठ २ मा)

## साउदीमा थप ६१ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ६१ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । एक्जिट भिसा दिन थालेयता चार हजारभन्दा बढी नेपालीहरू स्वदेश फर्किसकेको दूतावासले जनाएको छ । एक्जिट भिसा प्रक्रिया निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरुब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै, भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।

यदि कुनै पनि अवस्थामा अप्ठ्यारोमा परेका नेपालीहरूलाई आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न दूतावासले आग्रह गरेको छ ।


**Free visa free ticket free Recruitment**
**European management**
**युएईमा वैदेशिक रोजगारको अवसर**

ASSENT STEEL INDUSTRIES
कम्पनी: ASSENT STEEL INDUSTRIES LLC शहर: DUBAI

पूर्व स्वीकृति मिति : २०८१/०५/२१ LT. No. 310347 चलानी नं. ६०२२४९१६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Stil Febricator/Structural fabricators | 150 | 0 | 1800 | ६५,९४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: कामनपा युनिभर्सल टेक्निकल इन्स्टिच्युट एण्ड ओरियनटियसन सेन्टर महाराजगंजमा मिति: २०८१ असोज ४र ५ गते (20 & 21th Sep. 2024) मा हुनेछ ।

साथै यस कम्पनीको लागि Welders, Riggers, Erectors, Scaffolders को पनि आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरुले नि:शुल्क परार्मशका लागि कार्यालयमा सम्पर्क गर्नु होला।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY P. LTD.
श्रम ईजाजत नं. ४४९/०६०/६१

QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-1-5906456, 9806155603, 9825849205, 9811569815, 9746618537, 982-2959770, 984-4833357, 9769337773
Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com

# सम्पन्न भयो सूर्यविनायक गणेश जात्रा

**भक्तपुर (प्रस)**– गणेश जन्मोत्सव जात्रा एवं गणेश रथयात्रा हर्षोल्लासका साथ सम्पन्न भएको छ । सूर्यविनायक गणेश मन्दिरबाट गणेशको चाँदीको मूर्ति रथारोहन गरी सिन्दूर जात्रा गर्दै बाजागाजाका साथ खट बोकेर टोलटोलमा परिक्रमा गरी रथयात्रा मनाइएको थियो ।

भाद्र शुक्ल चतुर्थी (गणेश चतुर्थी) अर्थात् भगवान् गणेशको जन्मोत्सवका अवसरमा सूर्यविनायक नगरपालिका-६ र ८ का बासिन्दाले शनिबार बिहान सूर्यविनायक गणेश मन्दिरमा पूजा गरी मूल गणेशको मूर्तिलाई खटमा विराजमान गराई साँझ गणेश जन्मोत्सव जात्रा गरेका हुन् ।

सूर्यविनायक क्षेत्र प्रबन्ध समितिको संयोजन र सूर्यविनायक युवा क्लबको संयुक्त आयोजनामा भएको गणेश अर्थात् इनरे गणेद्यो खट जात्रा हजारौंको सहभागितामा दिनभर टोलटोलमा खटलाई परिक्रमा गराई साँझ सम्पन्न भएको सूर्यविनायका नगरपालिका-८ का वडाअध्यक्ष एवं प्रबन्ध समितिका अध्यक्ष पुष्पराज बस्नेतले जानकारी दिए । 'पुर्खाले मनाउँदै आएको गणेश जन्मोत्सव जात्रा आर्थिक स्रोत नहुँदा वर्षौंदेखि रोकिएको थियो विगत पाँच वर्षदेखि भने नियमितरूपमा सञ्चालन गरिरहेका छौं । यस वर्ष पनि हजारौं स्थानीयको सहभागितामा सिन्दूर खेल्दै रथ टोलटोल पुऱ्याएर हर्षोल्लासका साथ जात्रा मनाइएको छ,' उनले भने । जात्रा व्यवस्थापनका लागि दुईवटै वडाले तीन-तीन लाख रूपैयाँ सहयोग गरेका अध्यक्ष बस्नेतले बताए ।

गणेश चतुर्थीका दिन परापूर्वकालदेखि मनाउँदै आएको यस जात्रालाई बर्सेनि निरन्तरता दिइने क्लबका अध्यक्ष मनोज गिरीले बताए । जात्रामा सहभागी महिला पुरुषले सिन्दूर खेल्दै गणेशको खटलाई मन्दिरको पश्चिमतर्फ राजथला टोलसम्म, पूर्वतर्फ चालिसे गाउँ गहनादेवी मन्दिरसम्म, उत्तरतर्फ सूर्यविनायक चोक अरनिको राजमार्गसम्मका टोलटोलमा घुमाएर पुनः मन्दिरमा ल्याएर जात्रा सम्पन्न गरिन्छ ।

काठमाडौं उपत्यकाका चार प्रमुख विनायकमध्येको एक सूर्यविनायकलाई स्थानीयले इनरे गणेद्यो भन्ने गरेका छन् । समितिकाअनुसार यहाँ रहेको गणेशको मुख्य मूर्तिलाई वर्षको दुईपटक मात्र सार्वजनिक गरी पूजा गर्ने प्रचलन छ । गणेश चतुर्थीका दिन जात्राका लागि सार्वजनिक गरिने मूर्तिलाई बिस्काः (बिस्केट) जात्राको अवसरमा वैशाख ३ गते भक्तपुर नगरको तालक्वःमा लैजान र वैशाख ४ गते हुने द्यो स्वंगः (सगुन) जात्राका क्रममा पूजा थाप्न सार्वजनिक गर्ने परम्परा रहेको सूर्यविनायक क्षेत्र प्रबन्ध समितिका अध्यक्ष बस्नेतले जानकारी दिए ।

# इन्द्रजात्राको लिंगो भोटाहिटी पुऱ्याइयो

**भक्तपुर–** यस वर्षको इन्द्रजात्रा अर्थात् येँयाःको क्वहनेयाः कुमारी यात्राका लागि आवश्यक पर्ने इन्द्रध्वजा फहराउने लिंगो शुक्रबार राति भक्तपुरबाट काठमाडौं पुऱ्याइएको छ । भक्तपुरको सूर्यविनायक नगरपालिका-१० स्थित चित्तपोलको सामुदायिक वनबाट नेपाल पञ्चांग निर्णायक समितिको शुभसाइतमा भक्तपुरको जंगलमा काटेर ल्याइएको यःसिं अर्थात् लिंगो गएराति काठमाडौं पुऱ्याइएको केन्द्रीय मानन्धर संघका सदस्य एवं प्रचार संयोजक केके मानन्धरले जानकारी दिए ।

यही भदौ ३० गते आइतबार बिहान ८:२६ बजे इन्द्रध्वजोत्थान अर्थात् इन्द्रध्वजासहितको लिंगो उठाउन गत बिहीबार बिहान १० बजेर ४७ मिनेटको साइतमा वसन्तपुरबाट भक्तपुर प्रस्थान गरेको केन्द्रीय मानन्धर संघको टोलीले सोही दिन बेलुकी ७ बजे भक्तपुरको चित्तपोलमा पुगेर हनुमानढोका दरबारबाट आएको ब्राह्मणद्वारा पूजा विधि सम्पन्न गरी राति ८:२७ बजेको साइतमा यःसिंका लागि रानी सल्लाको रूख काटिएको थियो । शुभसाइतमा पूजा गरेर छाडेको बोकाले जुन रुखमा छुन्छ त्यही रुखलाई काट्ने प्रचलन छ । रूख काट्नुअघि नेपाली सेनाको श्री शार्दूल जंग गुल्मका गुल्मपतिको नेतृत्वमा चित्तपोल पुगेको गुरूजुको पल्टनले सलामी अर्पण गरेको थियो ।

नेपाल पञ्चांग निर्णायक विकास समितिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय तथा त्रिपुरेश्वरस्थित गुठी संस्थानलाई इन्द्रजात्रासम्बन्धी विभिन्न सांस्कृतिक गतिविधिको शुभसाइत उल्लेख गरी पठाइएको पत्रबमोजिम संघले इन्द्रध्वज (यःसिं)का लागि रानीसल्लाको रुख काटिएको मानन्धरले जानकारी दिए ।

रूख काटिएसँगै पाँच जनाको गुरूजुको पल्टनले एकैपटक बन्दुक पड्काएर हर्षबढाइँ दिएको थियो । भक्तपुरमा यःसिं लिने जानेदेखि काठमाडौंसम्म पुऱ्याएर ठडयाउने र ढाल्नेसम्मको काममा हनुमानढोका दरबारस्थित श्री शार्दूल जंग गुल्म (नेपाली सेनाको गुरूजुको पल्टन)ले सहकार्य गर्दै आएको छ । वर्षा र सहकालका देवता इन्द्रको पूजा आराधनागरी परम्परागत शैलीमा मनाइने इन्द्रजात्राको लिंगो अर्थात् यःसिं भाद्र शुक्लपक्ष यँलाथ्व द्वादशीको दिन इन्द्रध्वजोत्थानगरी सुरु हुने इन्द्रजात्रा चौथी अर्थात् इन्द्रध्वज आठ दिनसम्म मनाउने गरिन्छ ।

यस अवधिमा विभिन्न नाच, कुमारी, भैरव, गणेशको रथयात्रा पनि हुन्छ । इन्द्रजात्रा र यःसिं ठडयाउने प्रचलनलाई वाल्मीकि रामायण, महाभारत, हरिवंश पुराण, कालिका पुराण, देवीपुराण, विष्णु धर्मोत्तर पुराण, बृहत्संहिता र भविष्य पुराणमा पनि उल्लेख गरेको पाइन्छ । *रासस*


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP*) प्रकाशनको सूचना

**यस फर्म/कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

तपसिल

| सि.नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य(MRP*) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Digital Camera | (8.3 x 6.6 x 5.4)" | Sony | ILCE-7M3 (A7III) | 24MP Full Frame | China | Pcs. | NPR | 2,06,550 | |
| 2 | Digital Camera | (10.2 x 7.2 x 6.4)" | Sony | ILCE-7M4 (A7IV) | 34.1MP Full Frame | THAILAND | Pcs. | NPR | 3,09,825 | |
| 3 | Digital Camera | (6.4 x 6.4 x 4.5)" | Sony | ZV-E10 with lens | 24.2MP APS-C | THAILAND | Pcs. | NPR | 1,09,620 | |
| 4 | Digital Camera | (6.1 x 6.1 x 4.6)" | Sony | A6400 with lens | 24.2MP APS-C | THAILAND | Pcs. | NPR | 1,36,350 | |
| 5 | Digital Camera | (6 x 5.1 x 4.9)" | Sony | A6700 | 26MP APS-C | China | Pcs. | NPR | 2,10,000 | |

विक्रेता/फर्मको नामः Smart Enterprises Pvt. Ltd. भ्याट नं. : 500097447
ठेगानाः टेकू, फोन नं.: 01-5354488 एक्जिम कोडः 5000974470143NP
*भ्याट (VAT) सहित
*Price may subject to change without prior notice.


पृष्ठ १ बाट क्रमशः

## भारतले बुझ्ने ...

तर, मोदी केही असहमति प्रकट गर्दै प्रतिवेदन बुझ्न मानिरहेका छैनन् । सरकारले पनि प्रतिवेदन बुझ्नका लागि भारत सरकारसँग प्रभावकारी कूटनीतिक पहल गर्न सकेको छैन । समूहमा नेपालको तर्फबाट सदस्य रहेका भट्टराईले दुवै देशका प्रधानमन्त्री तहबाट बुझ्ने काम नभए विकल्पबारे सोचिने यसअघि नै चेतावनी दिएका थिए । मतलव, नयाँ विकल्प दुवै देशका प्रधानमन्त्रीले नबुझेको अवस्थामा समूह आफैंले प्रतिवेदन नागरिकको जानकारीका लागि सार्वजनिक गर्ने ।

यसअघि प्रतिवेदन तयार गरेर हस्तान्तरण गर्न प्रधानमन्त्री मोदीसँग समूहले पटक-पटक समय मागेको थियो । व्यस्तताको कारण देखाउँदै उनले समय नदिएको भट्टराई बताउँछन् । उनका अनुसार मोदी प्रतिवेदनको केही मुद्दामा असहमत छन् । उनले प्रतिवेदन सच्याउन पनि भनेका थिए । केही प्रावधान सच्याइएको पनि उनले प्रभावसँग बताए ।

प्रतिवेदनमा इपिजीले नयाँ सन्धिबाट सन् १९५० को असमान सन्धि प्रतिस्थापन गर्नुपर्ने सुझाव दिएको छ । एकअर्काको देशमा लामो समय बस्ने नेपाली तथा भारतीयलाई सन्धिअनुसार के-के सुविधा दिने विषयमा पनि समूहमा छलफल भएको थियो । तर, त्यसमा भारतका तर्फबाट इपिजी सदस्य रहेका भगतसिंह कोसियारीले भारतको पक्षमा प्रतिवेदनले खासै केही नबोलेको टिप्पणी गर्दै आएका छन् । तर, डा. भट्टराई भने प्रतिवेदनमा नेपाल-भारतको सीमालाई नियमन तथा अनुगमन गर्नेबारे निकै महत्त्वपूर्ण सुझावहरू रहेको बताउँछन् । यसमा भारतीय नागरिकलाई लक्षित गरेर नेपालले परिचयपत्र वा पासपोर्ट नै लागू गर्नैपर्ने सुझाव मुख्य रहेको बताए ।

तर, नेपालले परिचयपत्र अथवा पासपोर्ट नै लागू गर्नुपर्ने प्रतिवेदनमा भनेको छ । उता, भारत भने पासपोर्ट लागू गरेर सीमा बन्द गर्ने पक्षमा छैन । सीमा बन्द भयो भने नेपाल-भारतबीच रहेको सदियौंको सम्बन्धमा असर पर्ने भारतको बुझाइ छ । त्यसकारण सीमा नियमन गर्ने तर पासपोर्ट अथवा परिचयपत्र लागू गरेर सीमा बन्द गर्ने पक्षमा भारत छैन ।

प्रतिवेदनअनुसार नेपाल र भारतबीच पारस्परिक र समानताका आधारमा सम्बन्ध स्थापित गर्न सन् १९५० को शान्ति तथा मैत्रीसन्धि बाधक देखिएको छ । नेपालमा कायम विवादलाई सदाका लागि मत्थर पार्न सन् १९५० को सन्धि पुनरावलोकन मात्रै नभई प्रतिस्थापन गर्नुपर्ने उल्लेख छ ।

तर, प्रतिवेदन बुझ्न भारतीय प्रधानमन्त्री मोदीले चाहेका छैनन् । यता नेपालका प्रधानमन्त्री ओली पनि मौन थिए । बल्ल शनिबार उनले प्रतिवेदन भारतले नबुझे नेपाल आफैंले भए पनि बुझेर सार्वजनिक गर्ने बताए । प्रतिवेदन बुझेर अन्ततः कार्यान्वयन गरेको अवस्थामा भने नेपाल आएका भारतीयहरूको अभिलेख राखिने छ । सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि खारेज हुने छ ।

इपिजी १४ माघ २०७२ मा गठन भएको हो । समूहको पहिलो बैठक २० र २१ असार २०७३ मा काठमाडौंमा बसेको थियो । समूहलाई सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिसहितका असमान सन्धि सम्झौता पुनरावलोकन तथा दुईपक्षीय विवादित विषयमा अध्ययन गरी सुझाव दिने कार्यादेश थियो । सोहीअनुसार समूहले प्रतिवेदन तयार गरेको हो । समूहमा भारतका तर्फबाट तत्कालीन भारतीय पूर्वराजदूत जयन्त प्रसाद, जवारलाल नेहरू विश्वविद्यालयका प्राध्यापक डा. महेन्द्र पी. लामा, भारतीय जनता पार्टीका उपाध्यक्ष भगतसिंह कोस्यारी र बिसी उप्रेती रहेका थिए । हाल उप्रेतीको निधन भइसकेको छ । नेपालको तर्फबाट डा. थापा, नीलाम्बर आचार्य, डा. भट्टराई र सूर्यनाथ उपाध्याय समूहमा छन् ।

२०६८ कात्तिकमा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको भारत भ्रमणका क्रममा भट्टराई र उनका भारतीय समकक्षी मनमोहन सिंहले संयुक्तरूपमा जारी गरेको विज्ञप्तिको बुँदा १८ र १९ मा सन् १९५० सन्धि आदि विषयमा छलफल गर्न प्रबुद्ध व्यक्तिहरूको समूह नेपाल-भारत दुवैतर्फ गठन गर्ने सैद्धान्तिक सहमति भएको थियो । तीन वर्षपछि २०७१ साउनमा मोदीले नेपाल भ्रमण गर्दा इपिजीको विषयमा चर्चा भएको थियो । त्यसबेला नेपालका प्रधानमन्त्री सुशील कोइराला थिए । कोइराला र मोदीले संयुक्तरूपमा जारी गरेको विज्ञप्तिको १३ नम्बर बुँदामा स्वतन्त्र र गैरसरकारी संयन्त्रका रूपमा प्रबुद्ध समूह गठन गर्न दुवै सरकार सहमत भएको उल्लेख थियो । २०७२ सालमा ओली प्रधानमन्त्री हुँदा इपिजी गठन भएको थियो ।

● ● ●

## ओली सरकारविरुद्ध...

कांग्रेसको इतरसमूहका सांसदहरूबाट संसद्मै सरकारविरोधी अभिव्यक्तिसमेत सुनिन थालिएको छ । तर, एमाले सांसदहरूले प्रतिवाद गरेका छैनन् । बरु, उनीहरूले कुनै हालतमा यो गठबन्धन २०८४ सम्म जाने दाबी गर्दै आएका छन् । यहीबीच प्रधानमन्त्री ओलीले दोहोऱ्याएर आफ्नो सत्ता सञ्चालनको अवधिबारे भनिरहेका छन् । कांग्रेसबाट गृहमन्त्री भएका रमेश लेखकले दुई दलबीच १७ असारमा भएको सत्ता सहकार्यको सातबुँदे समझदारी कार्यान्वयन हुने र त्यसमा शंका नगर्न आग्रह गरे ।

राजनीतिक विश्लेषक हरि रोका प्रधानमन्त्री ओलीले यसअघि नै टुंगो लागेको आफ्नो पदावधिलाई दोहोऱ्याएर भन्नु र गृहमन्त्री लेखकले सहमति कार्यान्वयन हुन्छ भन्नुलाई गठबन्धनमा 'खटपट' पैदा भएको अर्थमा विश्लेषण गर्छन् । 'दुई वर्ष प्रधानमन्त्री बन्ने भन्ने कुरा ओलीजीले दोहोऱ्याइराख्नुपर्ने विषय होइन । सबैलाई थाहा छ त । किन दोहोऱ्याउनुभयो,' उनले प्रभावसँग भने, 'गृहमन्त्री लेखकले पनि समझदारी कार्यान्वयन हुन्छ भन्नु आवश्यक छैन । तर, भन्नुभयो । यसको अर्थ त आपसी विश्वास जगाउने प्रयास हो । मतलव गठबन्धनमा खिचडी पाकिरहेको संकेत हो ।' रोकाले कांग्रेस-एमाले गठबन्धनको सैद्धान्तिक जग नै फितलो रहेको पनि टिप्पणी गरे । त्यसले गर्दा ढल्न सक्ने र कारक कांग्रेसको इतरसमूह हुने उनको विश्लेषण छ ।

● ● ●

## रोजगार सम्मेलनमा...

श्रम मन्त्रालयले उक्त कार्यविधि कार्यान्वयनमा ल्याए जापानमा निजी क्षेत्रबाट श्रमिक पठाउने बाटो खुल्ने छ । वैदेशिक रोजगार व्यवसायीहरूले पनि लामो समयदेखि जापानलगायत सरकारले जिटुजी सम्झौता गरेर पठाएका क्षेत्रबाहेक सबै मुलुकमा आफूहरूले श्रमिक पठाउन पाउनुपर्ने माग गर्दै आएका छन् । जापानमा एसएसडब्ल्युअन्तर्गत वार्षिक २० हजारभन्दा बढी सीपयुक्त दक्ष श्रमिक पठाउन सकिने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'संस्थागतरूपमा श्रमिक पठाउन नपाउँदा ठगी, तस्करी र बिचौलिया मौलाउने अवस्था आएको छ,' उनले भने । म्यानपावरमार्फत तत्काल श्रमिक पठाउनेगरी बाटो खोल्नुपर्ने भण्डारीको भनाइ छ । उनका अनुसार अब जापानमा नेपाली श्रमिक पठाउनेगरी नै मन्त्री भण्डारीको भ्रमण हुन लागेको हो ।


## साउदी र युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनीः Al Braidy Clutches and Brakes Factory

पूर्व स्वीकृति मिति : २०८१/०५/१४ LT. No. 309877 चलानी नं. ६०२२४५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 2 | 0 | 1100 | ३९,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः Kataa Ethnen Restaurant for food Services

पूर्व स्वीकृति मिति : २०८१/०५/२० LT. No. 310279 चलानी नं. ६०२२४५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1500 | ५३,७६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः Grand Astoria Hotel LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/२१ LT. No. 310344 चलानी नं. ६०२२४९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 5 | 0 | 1500 | ५४,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician | 0 | 10 | 1500 | ५४,९५२ | | | | | | | |
| 3 | CAPTAINS | 5 | 5 | 1500 | ५४,९५२ | | | | | | | |
| 4 | Cleaners (All Type) | 5 | 15 | 900 | ३२,९७१ | | | | | | | |
| 5 | Cook | 5 | 0 | 1500 | ५४,९५२ | | | | | | | |
| 6 | CUSTOMER SALES REPRESENTATIVE | 5 | 15 | 1500 | ५४,९५२ | | | | | | | |
| 7 | handling coordinator | 2 | 5 | 1500 | ५४,९५२ | | | | | | | |
| 8 | HK ROOM ATTENDANT | 5 | 15 | 1200 | ५४,९५२ | | | | | | | |
| 9 | Receptionist | 3 | 10 | 1500 | ५४,९५२ | | | | | | | |
| 10 | RESTAURANT MANAGER | 2 | 2 | 5000 | ५४,९५२ | | | | | | | |
| 11 | SALES GIRLS/CASHIER | 3 | 2 | 1500 | ५४,९५२ | | | | | | | |
| 12 | SECURITY OFFICER (MALE) | 10 | 0 | 1500 | ५४,९५२ | | | | | | | |
| 13 | Telephone Operator | 3 | 0 | 1500 | ५४,९५२ | | | | | | | |
| 14 | waiter/waitress | 5 | 15 | 1200 | ५४,९५२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३० गते (15th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १००००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Atlantic OVERSEAS PVT. LTD. श्रम इजाजत नं. १६७४/०८०/०८१

ATLANTIC OVERSEAS PVT. LTD.
City Square Mall, Samakhusi Kathmandu, Nepal +977 985-1141964, 9823528692, +977-01-4977788, +977-01-4977799, www. atlantic.com.np
Email :atlanticoverseasktm@gmail.com, info@atlantic.com.np,


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


**आइतबार, २३ भदौ, २०८१**

| | |
|---|---|
| **मेष** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |
| **वृष** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| **मिथुन** | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| **कर्कट** | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **सिंह** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| **कन्या** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **तुला** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **वृश्चिक** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **धनु** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **मीन** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२३ भदौ, २०८१ (०८ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



काठमाडौंको तारकेश्वर नगरपालिका-१ स्थित जगातबाट शनिबार देखिएको काठमाडौं उपत्यकाको दृश्य । तस्विरः हरिराम भेटुवाल/रासस

# ४० कर्मचारीलाई निजामती सेवा पुरस्कार




■ प्रभाव संवाददाता

**काठमाडौं–** २१औं निजामती सेवा दिवसका अवसरमा ४० जना कर्मचारीले निजामती सेवा पुरस्कार प्राप्त गरेका छन्। सिंहदरबारमा शनिबार आयोजित कार्यक्रममा २०औं निजामती सेवा दिवसका अवसरमा घोषणा गरिएका कर्मचारीलाई पुरस्कार प्रदान गरिएको हो। प्रधानमन्त्री केपी शर्मा ओलीले पुरस्कार वितरण गरेका थिए।

उक्त अवसरमा १० उत्कृष्ट निजामती सेवा पुरस्कार र ३० जना निजामती सेवा पुरस्कार पाउने कर्मचारीलाई ताम्रपत्रसहित पुरस्कृत गरिएको थियो। उत्कृष्ट कर्मचारीमा थानेश्वर गौतम, बुद्धबहादुर गुरुङ, कविन्द्र नेपाल, मानबहादुर खड्का, रामप्रसाद लम्साल, ढुण्डीराज लामिछाने, चन्द्रप्रसाद मिश्र, सुनिलकुमार केसी, लक्ष्मीकृष्ण हमाल र शुभलक्ष्मी लामा छन्। उक्त पुरस्कार एक लाख रूपैयाँ राशिको रहेको छ।

प्रधानमन्त्री ओलीले निजामती सेवा पुरस्कार डा. रोशनीलक्ष्मी तुईंतुई, कुमार घिमिरे, सुकदेव लम्साल, रेविका अमात्य, राजकुमार केसी, होमनाथ भट्टराई, संगीता स्वाँर, डा. डमरुवल्लभ पौडेल, नारायणप्रसाद ज्ञवाली, चुडाराज सापकोटा, शोभा गिरी, नरबहादुर नेगी, मीन पौडेल, सुशीला ज्ञवाली, किशोर पन्थीलाई प्रदान गरे।

त्यस्तै नवराज तामाङ, सुजन जोजिजु, युक्तप्रसाद सुवेदी, मनिता न्यौपाने, शशिधर सेढाइँ, ठाकुरप्रसाद भट्टराई, मनोजकुमार महतो, राजु कटुवाल क्षेत्री, हुर्मत विक, देवकला अर्याल, उमेश भट्टराई, रामप्रकाश साह, दीपकराज पन्त, शान्ता महर्जन र जवाहरलाल अहिरलाई निजामती सेवा पुरस्कार प्रदान गरिएको छ। उक्त पुरस्कारको राशि ५० हजार रूपैयाँको छ।

पुरस्कार वितरण समारोहमा मुख्यसचिव एकनारायण अर्यालसहित उच्च पदस्थ कर्मचारीको सहभागिता थियो। सोही कार्यक्रम यस वर्षको उत्कृष्ट निजामती सेवा र निजामती सेवा पुरस्कार घोषणा गरिएको थियो। सरकारले हरेक वर्ष कर्मचारीलाई सर्वोकृष्ट, उत्कृष्ट र सेवा पुरस्कार प्रदान गर्दै आइरहेको छ।

# समाजलाई भयरहित बनाउन सबैको प्रयास जरुरी : गृहमन्त्री




**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले अन्तर्राष्ट्रिय संगठित अपराध, साइबर अपराध, आतंकवादलगायतका बहुआयमिक चुनौती सामना गर्न कानुन कार्यान्वयन गर्ने निकायबीच समन्वय र अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको बताएका छन्।

नेपाल प्रहरी प्रधान कार्यालयमा शनिबार आयोजित इन्टरपोल स्थापनाको शताब्दी दिवसका अवसरमा गृहमन्त्री लेखकले आपराधिकक्रियाकलापलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय प्रहरी सहयोगको विशेष महत्त्व हुने बताए। 'यस्ता आपराधिक क्रियाकलापलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न अन्तर्राष्ट्रियस्तरमा असल अभ्यास, विशेषज्ञता एवं आपसी सूचना आदानप्रदान गर्न आवश्यक छ। साथै समाजलाई शान्त, सुरक्षित एवं भयरहित बनाउन सबैको संयुक्त प्रयास हुनुपर्छ,' उनले भने।

कार्यक्रममा गृहसचिव गोकर्णमणि दुवाडीले नेपाल प्रहरीले कानुन कार्यान्वयन गर्दै शान्ति सुव्यवस्था कायम राख्न निर्वाह गरेको भूमिका प्रंशसनीय रहेको बताए। यस कार्यक्रमले कानुन कार्यान्वयन गर्ने निकायबीच समन्वय र सहयोगका लागि संयुक्त प्रतिबद्धता प्रतिबिम्बित गरेको धारणा राखे। 'नेपाल प्रहरीले अन्तर ाष्ट्रियस्तरमा गरेको समन्वय र सहयोग उल्लेखनीय र प्रशंसनीय रहेको छ। अपराधलगायतका चुनौती सामना गर्न आगामी दिनमा सुरक्षा निकायलाई थप मजबुद बनाउँदै लैजानेमा गृह मन्त्रालय क्रियाशील छ,' उनले भने।

यस्तै, परराष्ट्र मन्त्रालयकी सचिव सेवा लम्सालले संगठित अपराध, साइबर अपराध, आतंकवादलगायत गतिविधि नियन्त्रण गर्न र शान्ति सुव्यवस्था बलियो बनाउन कानुन कार्यान्वयन गर्ने निकायबीच संयुक्त प्रयास आवश्यक रहेको बताइन्। प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले कुनै पनि प्रकृतिका आपराधिक क्रियाकलापमा संलग्नलाई कानुनी दायरामा ल्याउन अन्तर्राष्ट्रिय सहयोग र समन्वय आवश्यक रहेको बताए। उनले कानुन कार्यान्वयन गर्ने निकायबीच संयुक्त सहकार्य र आवश्यक सहयोग आदानप्रदान गर्दै जटिल अपराध तथा अन्य सुरक्षा चुनौतीलाई प्रभावकारीरूपमा सामना गर्न सकिने बताए।

# पाँच गणेशको दर्शन र पूजायात्रा सम्पन्न

**काठमाडौं (प्रस)–** धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि शनिबार गणेश चतुर्थी पर्वका अवसरमा उपत्यकाका पाँच गणेशको दर्शन र पूजायात्रा सम्पन्न भएको छ। विभिन्न सामाजिक संघसंस्थाको सहभागितामा उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर)का पाँच विनायकको दर्शनयात्रा गरिएको हो।

सहारा महिला समाजको आयोजना तथा गोल्डेन आई ग्रुपको यात्रा व्यवस्थापनमा भएको उक्त कार्यक्रममा उपत्यकाका २०० भन्दा बढी प्रतिनिधिको सहभागिता थियो। काठमाडौंको काष्ठमण्डपसँगै रहेको अशोकविनायक (मरुगणेश) बाट सुरु भएको यात्रा चोभारको जलविनायक, ललितपुरको बुङ्मतीस्थित कार्यविनायक, भक्तपुरको सूर्यविनायक र कमलविनायकको दर्शन तथा पूजा आराधना गरी धार्मिकयात्रा शनिबार साँझ सम्पन्न गरिएको यात्रा व्यवस्थापक गोल्डेन आई ग्रुपका अध्यक्ष अरुण सिलवालले जानकारी दिए।

१५ वर्षअघिदेखि सुरु भएको उक्त पाँच गणेश दर्शन पूजायात्रा हरेक वर्ष जारी राखिएको छ। अध्यक्ष सिलवालले सुरुमा व्यक्ति-व्यक्ति मिलेर र ट्राभल एजेन्सीहरूबाट सुरु गरिएको उक्त धार्मिक यात्रामा अहिले विभिन्न सामाजिक संघसंस्था नै जोडिएर एउटा पर्वकै रूपमा विकास भएको जानकारी दिए। सुरुआती चरणमा १५ वर्षअघि सिलवाल, भूपेन्द्रराम श्रेष्ठलगायतका प्रतिनिधिबाट यात्रा थालिएको थियो।

'यसको मुख्य उद्देश्य सांस्कृतिक र धार्मिक पर्यटन प्रवर्द्धन गर्नु हो, त्यसमाथि सबैभन्दा पहिले पूजा हुने गणेश भगवान्को पूजा आराधना पनि गर्न पाइने हुँदा भक्तजनको सहभागिता हरेक वर्ष बढ्दो छ,' उनले भने। कार्यक्रममा हरेक विनायकमा धिमेबाजा बजाएर नाजगान गर्दै विनायकको दर्शन र पूजा गरिएको थियो।

# दलित अधिकारसम्बन्धी एकीकृत कानुनको माग

■ सुशील दर्नाल

**काठमाडौं–** दलित समुदायले आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, रोजगारीलगायतका क्षेत्रमा अन्य समुदायको तुलनामा कमजोर उपस्थिति रहेको जनाउँदै एकीकृत कानुनको माग गर्दै आएका छन्। मानव विकास सूचकांकमा दलित सबैभन्दा तल रहेको र संविधानको मौलिक हकमा व्यवस्था गरिएका दलित हक, अधिकारको व्यवस्था गर्दा कानुन बनाएर लागू गर्ने प्रावधान राखिएकाले एकीकृत कानुनको माग गर्दै आएका हुन्।

नेकपा माओवादी केन्द्रका नेता परशुराम रम्तेलले राज्यले प्राथमिकतामा राखेर सो व्यवस्थालाई कानुन निर्माणमा विशेष प्राथमिकता दिनुपर्नेमा बेवास्ता हुँदै आएको बताए। उनले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलाई व्यावहारिक र प्रभावकारी कार्यान्वयन गर्न एकीकृत कानुन बन्नुपर्नेमा जोड दिए।

संविधानको प्रस्तावनामा सबै प्रकारका विभेद् र उत्पीडनको अन्त्य गर्दै सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। धारा १८ मा समानताको हकमा राज्यले उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेद्भाव गर्ने छैन भनिएको छ।

नेकपा एमालेका सचिव छविलाल विश्वकर्माले छरिएर रहेका दलितसम्बन्धी कानुनी अधिकारलाई एकीकृत गर्दा कार्यान्वयन प्रभावकारी हुने बताए। दलित अधिकारका विषयमा सकारात्मक बुझाइ हुने र उपभोग गर्न पनि सहज हुने भएकाले दलितका लागि एकीकृत कानुन नै बनाउनुपर्ने उनको भनाइ छ।

दलितसम्बन्धी कानुनले मनुवादी सोच, चिन्तन र प्रवृत्ति पनि कमजोर हुने, दक्षिण एसियाकै विशिष्ट समस्या भएकाले कानुनी बाटो अवलम्बन गर्न सरल हुने, दलितप्रतिको नकारात्मक बुझाइलाई एकीकृत कानुनले सकारात्मकतामा बदल्न भूमिका खेल्ने र अदालती प्रक्रियामा परम्परावादी धारणालाई बदल्न सहयोग पुग्ने दलित अधिकारकर्मी बताउँछन्। ठूला तीन राजनीतिक दलका केन्द्रीय समितिमा दलित प्रतिनिधित्वको अवस्था नेपाली कांग्रेसमा ६.४१, एमालेमा ५.७३ र माओवादी केन्द्रमा ८.३१ प्रतिशत छ।

'एकीकृत कानुनमा समावेश गर्नुपर्ने अन्तरवस्तु हेर्दा मुख्य त संविधानको मौलिक हकअन्तर्गत धारा ४० मा भएको दलित हक, धारा १८ को समानताको हकको व्यवस्थालाई समावेश गर्ने, राज्यका सबै अंग, निकाय र तीनै तहका सबै संरचनामा समानुपातिक समावेशी सिद्धान्तका आधारमा संविधानले निर्दिष्ट गरेको हक अधिकारलाई स्थापित हुनेगरी कानुनमा समावेश गर्नुपर्छ,' माओवादी नेता रम्तेलले भने।

कांग्रेस सहमहामन्त्री जीवन परियारले दलित समुदायका राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, रोजगारीलगायतका समग्र अधिकारलाई एकीकृतरूपमा व्यवस्था गर्न र दलितलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने बताए। उनले सबै खालका शिक्षा क्षेत्रमा दलित समुदायलाई विशेष प्राथमिकता दिने प्रावधानको व्यवस्था गर्न दलितसम्बन्धी एकीकृत कानुनको आवश्यकता औंल्याए।

एकीकृत कानुनमा मुख्यतः निजामती सेवा ऐन, प्रहरी ऐन, सशस्त्र प्रहरी बल ऐन, सैनिक ऐन, नेपाल विशेष सेवा ऐन, स्वास्थ्य सेवा ऐन, शिक्षा ऐन, वैदेशिक रोजगार ऐन, शिक्षा ऐनलगायतका ऐनमा भएका दलितसम्बन्धी प्रावधानको पुनरावलोकन गरी त्यसका सकारात्मक प्रावधानको संरक्षण गर्दै अपुग कानुनी प्रावधान निर्माण गर्नुपर्ने पूर्वराजदूत पदम सुन्दास बताउँछन्।

दलितसम्बन्धी एकीकृत कानुनका लागि प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरू, विषयविज्ञ तथा कानुनीविज्ञ र दलितसम्बन्धी राजनीतिज्ञकाबीचमा आवश्यक अन्तरक्रिया र छलफल गरी विधेयकको प्रारम्भिक मस्यौदा तयार गर्नुपर्ने दलित समुदायको माग रहेको छ। *रासस*


## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHEYOUM MUWAILEH PLASTER TILES

पुर्व स्वीकृति मिति २०८१/०५/२२ | LT. No 309640 | चलानी नं. ६०२२४९१२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४३,९१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 3 | 0 | 800 | २९,२१८ | | | | | | | |
| 3 | Mason (Nepal) | 5 | 0 | 1200 | ४३,९१८ | | | | | | | |
| 4 | Steal Fixer | 4 | 0 | 1200 | ४३,९१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३० गते (15th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NEW ARABIAN HR CONSULTANTS AND EXTERNAL TOUR-

पूर्व स्वीकृति मितिः २०८१/०५/२२ | LT. No.310327 | चलानी नं. ६०२२४९११

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assisant | 5 | 0 | 1400 | ५१,६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 5 | 10 | 1000 | ३६,९१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३० गते (15th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Like International (Pvt) Ltd.

श्रम ईजाजत नं. १५८०/०७९/०८०

Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444
Email: nocnepal@nassers.org


## भक्तपुर जिल्ला मध्यपुर थिमि नगरपालिका -१, लौकनथलीमा पुण्यावती खाद्य उधोगको स्थापना तथा संचालन कार्यको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन तयारी सम्वन्धी सार्बजनिक सुनुवाईको सूचना

प्रकाशित मिति : २०८१/०५/२३

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पुण्यावती खाद्य उधोग धुवधारा मार्ग खरिवोट लौकनथली, मध्यपुर थिमी -१ |
| प्रस्तावको विवरण | स्थान : धुवधारा मार्ग खरिवोट लौकनथली, मध्यपुर थिमी -१<br>जमिनको विवरण : स्वामित्व निजी, मध्यपुर थिमि नगरपालिका वार्ड -१६, (सिट न. १०२११८८१३) कित्ता नं.२२८ (क्षेत्रफल ५०७ वर्ग मिटर)<br>उदेश्य : तेल, पिठो, आँटा, धुलो मसला, खुर्सानी धुलो,लगायत अन्य खाद्य सामाग्रीहरु उत्पादन गर्ने<br>प्रयोग हुने उपकरण Feeder Tank, Atta Pulverizer Machine, Masala Pulverizer Machine, Cold Press Oil Machine, Semi Automatic Liquid Filling Machine, Digital Gear Pump Filler, Grader Machine, Grinder, Oil Chamber, Storage tank,<br>कुल लगानी ने. रु. २०,००,०००।०० |
| प्रभाव पर्न सक्ने न.पा र वार्ड | मध्यपुर नगरपालिका, वार्ड न.-१ |

बागमती प्रदेश बातावरण संरक्षण ऐन, २०७७ को दफा ३ को उपदफा ४ बमोजिम यस प्रस्तावको कार्यान्वयनको कममा सो क्षत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान वमोजिम निम्न लिखित स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकाले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमुल्य राय तथा सुझावहरु दिनुहुन अनुरोध गर्दछौ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

स्थान : मध्यपुर थिमि नगरपालिका वार्ड न. १, स्थित उधोग निर्माणस्थल
मिति : २०८१/०५/२९ गते,शनिवार
समय : बिहानको ९ बजे

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संक्रमणको जोखिमबाट बचौं

लामखुट्टेको टोकाइबाट सर्ने डेंगी हाल देशभर फैलिएको छ । मुलुकका ७७ जिल्लामध्ये हुम्ला र मुस्ताङमा मात्रै भेटिएको छैन डेंगी । डेंगी देशव्यापी फैलिइरहेकै बेला अर्को रोग संक्रमणको जोखिम बढेको पाइएको छ । स्वास्थ्य सेवा विभागले जापानिज इन्सेफ्लाइटिस संक्रमणको जोखिम उच्च रहेको औंल्याएको हो ।

विभागअन्तर्गतको परिवार कल्याण महाशाखा, बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले यही भदौ १५ देखि असोज १५ गतेसम्म जापानिज इन्सेफ्लाइटिस रोग संक्रमणको जोखिम उच्च रहेको बताएका छन् । उनका अनुसार सामान्यता साउनदेखि कात्तिकसम्म जापानिज इन्सेफ्लाइटिसको संक्रमण हुन्छ । यो अवधि 'क्युलेक्स' प्रजातिको लामखुट्टेले पानी जम्ने ठाउँमा फूल पार्ने समय भएकाले संक्रमणको उच्च जोखिम रहेको उनको भनाइ छ । लामखुट्टेले सुगुर र हाँसलाई टोकेर आफूमा यो रोग सार्दछन् र संक्रमित लामखुट्टेले मानिसलाई टोकेपछि रोग लाग्छ । यो रोग मानिसबाट मानिसमा भने सर्दैन ।

विभागको तथ्यांकअनुसार गत जनवरीदेखि हालसम्म राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिएका ६८० मध्ये ४२ जनामा यो रोगको संक्रमण पुष्टि भएको छ । कैलाली, चितवन, सर्लाही र सुनसरी जिल्लामा रोग संक्रमणबाट छ जनाको मृत्यु नै भइसकेको छ । त्यसैले यो रोगलाई सामान्यरूपमा लिन नहुने देखिएको छ । यो रोगको लक्षण बेस्सरी टाउको दुख्ने, उच्च ज्वरो आउने, पक्षघात हुने, घाँटी कडा हुने, कम्पन हुनेलगायत हुन् । यो रोगको संक्रमणबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु अति आवश्यक हुन्छ । यसका लागि झुल टाँगेरमात्रै सुत्ने, हाँस, कुखुरा, सुगुरजस्ता जनावरलाई घरदेखि टाढा राख्ने, घर बाहिर निस्कँदा वा खेतबारीमा काम गर्दा हात पूरै छोपिनेगरी कपडा लगाउने, घरको झ्याल ढोकामा जाली राख्न, घर वरिपरिका पानी जम्न खाल्डाखुल्डी पुर्नेलगायतका काम गर्नुपर्ने हुन्छ । सामान्यतयाः लामखुट्टेले टोकेको छदेखि १६ दिनमा रोगका लक्षण देखापर्ने चिकित्सकहरूको भनाइ छ ।

जापानिज इन्सेफ्लाटिस धेरैजसो १५ वर्ष उमेर समूहभन्दा मुनिका बालबालिकामा हुने गर्छन् । त्यसैले सरकारले सन् २०१६ बाट १२ महिना उमेर पुगेका बालबालिकालाई जापानिज इन्सेफलाइटिसविरुद्धको खोप दिँदै आएको छ । सन् १९९९ देखि २००६ सम्म केही उच्च जोखिम भएका जिल्लामा खोप दिने गरे पनि पछिल्लो समय सबै बालबालिकालाई उक्त खोप दिन सुरु गरिएको हो । १२ महिनामा खोप लगाउन छुटेका बालबालिकालाई पाँच वर्षसम्म खोप दिइने चिकित्सकको भनाइ छ ।

'रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी हुन्छ' भन्ने भनाइ यतिखेर सान्दर्भिक बन्नसक्छ । लामखुट्टेको टोकाइबाट बच्नु नै सबैभन्दा पहिलो आवश्यकता हो । बालबालिका होस् या युवा या वृद्धवृद्धा, जो कसैलाई पनि लामखुट्टेले छाड्दैन । त्यसैले लामखुट्टेको टोकाइबाट जोगिन आवश्यक सतर्कता अपनाऔं । लामखुट्टे भगाउने अभियानलाई प्रभावकारी बनाऔं ।

# मुलुकको समृद्धि र सेवा प्रवाहमा निजामती प्रशासन



■ गजेन्द्रकुमार ठाकुर

'व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन' भन्ने नाराका साथ शनिबार निजामती सेवा दिवस मनाइएको छ । २०१३ भदौ २२ गते निजामती सेवा ऐन जारी भएको स्मरणमा २०६१ सालदेखि सरकारले निजामती सेवा दिवस मनाउँदै आएको हो । क्रमसंख्याको हिसाबले यस वर्षको दिवस २१औं निजामती सेवा दिवस हो । वि.सं. २०१३ मा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको सरकारले यो ऐन जारी गरेको थियो । त्यसयताको ६७ वर्षको इतिहासमा निजामती प्रशासन सार्वजनिक प्रशासनको मूल आधारको रूपमा रहँदै आएको छ । लामो विगतको विरासतका रूपमा रहेको र निजामती सेवासम्बन्धी कानुनअनुसार सञ्चालनमा रहेको सेवाका रूपमा निजामती सेवाका आफ्नै मौलिक मूल्य मान्यताहरू रहेका छन् । अबको निजामती प्रशासनलाई प्रविधिमैत्री बनाइ सरल र सहजरूपमा सेवा प्रवाह गर्नुपर्ने छ । राज्यको नीति, योजना, कार्यक्रम र बजेट कार्यान्वयन गर्ने प्रमुख संयन्त्रको रूपमा रहेको निजामती प्रशासन निष्पक्ष र जनउत्तरदायी हुनुपर्छ ।

सूचना र प्रविधिलाई उच्चरूपमा प्रयोग गरी सेवाग्राहीलाई सहज रूपमा सेवा प्रवाह गर्नु नै निजामती प्रशासनको मुख्य ध्येय रहनुपर्छ । निजामती प्रशासन स्थायी सरकार भएकाले कुनै राजनीतिक दबाब, प्रभावमा नपरी अनुशासित भई देश र जनतालाई केन्द्रमा राखी कर्तव्यनिष्ठाबाट चुक्नु हुँदैन । नेपालको विभिन्न शासकीय व्यवस्थामा निजामती सेवाले आफ्नो सक्रिय सहभागिता जनाउँदै पनि आएको छ । लोकतान्त्रिक शासन व्यवस्थामा यसको भूमिका र जिम्मेवारी अझ गहन रहेको छ । मुलुकमा उत्पन्न हुने विभिन्न प्राकृतिक विपद्का समयमा पनि राष्ट्रसेवकले सम्पादन गर्ने कामबाट जनताले पाउने सेवा अझ बढी अनुभूति गरेका हुन्छन् । निजामती कर्मचारीले सिर्जनशील भएर सेवा प्रवाह गर्न प्रविधिमैत्री भई यसको प्रयोग बढाउन र इमान्दारितापूर्वक काम गर्न सकेको अवस्थामा मात्रै देशको समृद्धि र जनताले सेवा पाउन सक्छन् ।

नयाँ संविधान जारी भएपश्चात् मुलुक संघीय संरचनामा रूपान्तरित भयो । नजिकको सरकारबाट सेवा सुविधा पाउने त भनियो तर समयमा मार्गदर्शक कानुन जारी हुन नसक्दा सेवामा संलग्न जनशक्ति अन्योलमा रहन पुगे । संविधान जारी भएको लामो समय बितिसक्दा पनि संघीय निजामती सेवा ऐन नहुँदा निजामती सेवालाई प्रभावकारी बनाउन समस्या भइरहेको छ । ऐन अभावले कर्मचारी व्यवस्थापन, परिचालन र क्षमता अभिवृद्धिमा चुनौती भइरहेको छ । संघीय निजामती दिवस मनाइरहँदा ऐनको अभावमा निजामती सेवालाई चुस्त, प्रभावकारी र निजामती कर्मचारीलाई जनउत्तरदायी बनाउन समस्या परेको छ । स्थायी सरकारको रूपमा लिइने निजामती सेवालाई व्यवस्थित र परिचालन गर्ने संघीय छाता ऐन नहुँदा प्रदेश निजामती सेवा ऐन पनि कार्यान्वयनमा कठिनाइ भइरहेको छ ।

संविधान जारी भएको लामो समयसम्म पनि संघीय निजामती ऐन जारी हुन नसक्दा निजामती सेवामा समस्या भइरहेको छ, ऐनको अभावमा कर्मचारी व्यवस्थापन, परिचालन र उनीहरूको क्षमता अभिवृद्धिमा चुनौती बढेको छ । निजामती सेवा ऐन समयमा नआएर धेरै अप्ठ्यारो भइरहेको अवस्था छ । मुलुक संघीयतामा गइसकेपछि संविधानको व्यवस्थाअनुरूप संघीय ऐनसँग बाझिएको खण्डमा प्रादेशिक ऐन वा स्थानीय ऐन स्वतः खारेजी हुने छ भनिएको छ । प्रदेशमा निजामती सेवा ऐन बने पनि संघीय छाता ऐन नहुँदा त्यो कार्यान्वयन हुन सकिरहेको छैन । सरकारले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८० संघीय संसद्मा पेस गरिसकेको छ ।

प्रतिनिधिसभामा दफावार छलफल भएको उक्त विधेयक अहिले दफावार छलफलका लागि समितिमा पठाइएको छ । निजामती सेवा नेपालको महत्त्वपूर्ण सेवा भएको र यो स्थायी सरकारको रूपमा रहेको भन्दै देश सञ्चालन गर्नका लागि चाहिने नीति निर्माण कार्यान्वयन र त्यसको अनुगमन, मूल्यांकन सबैमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ । उपयुक्त कार्यमा निजामती कर्मचारीहरू विगतदेखि नै संलग्न भइरहेको तथा राज्यका सम्पूर्ण निकायमा यसको पहुँच रहेको छ । सबै मन्त्रालयमा यसको प्रभाव छ । उदाहरणको रूपमा गृह मन्त्रालयमा माथिल्लो काम गर्ने कर्मचारी सबै निजामती सेवाबाटै आएका हुन्छन् । सैनिक सेवामा पनि समन्वयको काम निजामती कर्मचारीबाटै हुन्छ । शिक्षामा पनि मन्त्रालयमा समन्वय र सहकार्य गर्ने सबै निजामती सेवाकै कर्मचारी हुन्छन् ।

त्यस्तै अन्तर्राष्ट्रियस्तरमा पनि समन्वय र सहकार्यको काम निजामती सेवाका कर्मचारीबाटै हुने गरेको छ । भन्नुको मतलव देश निर्माणका लागि चाहिने नीति निर्माण बनाउने, संस्थागत विकास गर्ने तथा बनाइएका नीति नियमको परिपालना गर्ने गराउने र त्यसबाट कस्तो किसिमको परिणाम आयो त्यसको मूल्यांकन, अनुगमन गर्ने र पूर्ण समीक्षा गर्ने यो व्यवस्थापकीय पूरै चक्रमा निजामती सेवाको महत्त्वपूर्ण भूमिका रहेको छ । अहिले पुरानो निजामती सेवा ऐन, २०४९ अनुसार निजामती प्रशासन सञ्चालनमा छ । उक्त ऐनअनुसार देश संघीय गणतन्त्रात्मक व्यवस्थामा गइसकेपछि पुरानो ऐनको राम्रो पक्ष पनि अवलम्बन गर्न नसकिएको र नयाँ ऐन पनि नआएका कारण समस्या भएको छ । एउटा ऐनविहीन अवस्था भइसकेको छ । जसले गर्दा कर्मचारीको व्यवस्थापन गर्न, कर्मचारी परिचालन गर्न र उनीहरूको क्षमता अभिवृद्धि गर्न समस्या भइरहेको छ । निजामती ऐन ढिलो आउनुमा कुनै एउटा पक्षको कमीकमजोरी भन्दा पनि समष्टीगतरूपमा हेर्नुपर्ने हुन्छ । राजनीतिक अस्थिरताका कारण पनि निजामती सेवा ऐन समयमै आउन सकिरहेको छैन ।

यो राजनीतिक विषय पनि हो । निजामती सेवा ऐनको समयमै मस्यौदा तयार गरेर संसद् र संसदीय समितिमा पुगेको विधेयक अड्कियो । त्यहाँ राजनीतिक दलहरूबीच समझदारी नहुँदा विधेयकले गति लिनसकेको छैन । संसदीय समितिमा पनि धेरै संशोधनको धेरै कुरा आएको छ । तर, हामी आशावादी छौं यो ऐन चाँडै प्रक्रियामा गएर पारित हुने छ । वर्तमान सन्दर्भमा हाल रहेका राजनीतिक दलहरूबीच सशक्त र जुझारुखालको निजामती सेवा बनाउने गरी संघीय निजामती ऐन जारी गर्ने कार्य गर्न सकेमा यस वर्षको निजामती सेवा दिवसको सार्थकता रहने देखिन्छ ।

स्थायी सरकारको रूपमा लिइने निजामती कर्मचारी कार्यअवधि नसकिँदै चाँडो चाँडो सरुवा हुने परिपाटीले पनि कर्मचारी प्रशासनमा केही समस्या ल्याएको छ । कर्मचारीको समग्र व्यवस्थापन र परिचालनका लागि ऐन कानुनको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । ऐनको अभावमा प्रशासनिक र व्यवस्थापकीय कार्य चुनौतीपूर्ण बन्दै गएको छ । ऐन नै नभएपछि कुन चिजलाई पालना गर्ने, त्यसैले जुन कार्यालयमा जसले नेतृत्व गरेको हुन्छ, उहाँहरूले गरेको निर्णयलाई आधार मानेर जानुपर्ने बाध्यता छ । अहिलेको मुख्य समस्या ऐन नै नभएकाले कर्मचारीको व्यक्तिगत र मनोमानीरूपमा सरुवा गर्ने प्रवृत्ति बढिरहेको छ ।

स्थायी सरकारको रूपमा लिइने निजामती कर्मचारी कार्यअवधि नसकिँदै चाँडो चाँडो सरुवा हुने परिपाटीले पनि कर्मचारी प्रशासनमा केही समस्या ल्याएको छ । कर्मचारीको समग्र व्यवस्थापन र परिचालनका लागि ऐन कानुनको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । ऐनको अभावमा प्रशासनिक र व्यवस्थापकीय कार्य चुनौतीपूर्ण बन्दै गएको छ । ऐन नै नभएपछि कुन चिजलाई पालना गर्ने, त्यसैले जुन कार्यालयमा जसले नेतृत्व गरेको हुन्छ, उहाँहरूले गरेको निर्णयलाई आधार मानेर जानुपर्ने बाध्यता छ । अहिलेको मुख्य समस्या ऐन नै नभएकाले कर्मचारीको व्यक्तिगत र मनोमानीरूपमा सरुवा गर्ने प्रवृत्ति बढिरहेको छ ।

पहिले यस्तो थिएन । निश्चित अवधि तोकिएको हुन्थ्यो, व्यवहारमा पनि लागू हुन्थ्यो । यसको समाधान ऐन आएपछि नै हुन्छ । कर्मचारीचन्त्रमा पनि राम्रा र खराब मान्छे दुवै हुन्छन् । सर्वोत्कृष्ट कर्मचारीको मापदण्ड बनाएर तल्लो तहदेखि माथिल्लो स्तरसम्मका कर्मचारीमा पारदर्शी वातावरण बनाउन सकेको भए निश्चय नै नेपालमा धेरै उत्कृष्ट कर्मचारी छन्, योग्य र सक्षम छन् । तर, मापदण्डको अभावमा अन्तिम समयमा निश्चित क्षेत्रमा खोजेर उत्कृष्ट कर्मचारी पाउन कठिन हुन्छ । निजामती प्रशासनमा वित्तीय अनुशासनको कुरा पनि आउने गरेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको त्रासले कर्मचारीहरू निर्णय प्रक्रियामा डराउने प्रवृत्ति पनि पछिल्लो समय देखिएको छ । वित्तीय उत्तरदायित्वका लागि आर्थिक ऐन तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली २०७६ को पालना गर्नु निजामती कर्मचारीको कर्तव्य हो । कर्मचारीमा चाँडो सरुवा हुँदा विषय विज्ञता र निर्णय क्षमताको पनि कमी हुन्छ । अर्को कुरा कर्मचारीमा पनि सबै राम्रा छन् भन्न सकिन्न, केहीको अज्ञानता र गलत मनसायले पनि नकारात्मक आचरणमा लागेका हुन्छन् । त्यसैले ऐन कानुनको कसैले उल्लंघन गरेमा । निर्णय प्रक्रियामा आर्थिक ऐनविपरीत गएमा अख्तियार जस्ता नियमक निकायले अनुसन्धान र छानबिन गरेर कानुनी दायरामा ल्याउनुपर्ने विषय स्वाभाविक हुन् । अन्त्यमा निजामती सेवाको आदर्श र यस क्षेत्रमा अन्य क्षेत्रबाट हुने व्यवहारले सुशासन र प्रशासनप्रति जनविश्वास जाहेर गर्दछ । *रासस*

*(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुन्)*

## पत्र-मञ्जुषा

### सरकारको निर्णय दराजमा, यातायात व्यवसायी मोजमा !

ट्राफिकले अनुगमन र कारबाही नगर्दा राज्यको ढुकुटीमा आउनुपर्ने राजस्व गुमिरहेको छ । यता, यात्रुले जोखिमपूर्ण यात्रा गर्नुपरिरहेको छ । काठमाडौं उपत्यकाभित्र कुनै पनि रोडमा ट्राफिकले सवारी अनुगमन गरेको भेटिँदैन । सडकमा २० वर्षे सवारीसाधन धुँवाको मुस्लो फालेर गुडिरहेको देखिन्छ ।

तर, ट्राफिकले ती गाडीलाई कारबाही गर्दैन । भक्तपुरमा दिनैपिच्छे ट्राफिक सडकमा उभिएर गाडीको 'स्पिड चेक' गर्थे । गट्ठाघरको दुर्घटनापछि त्यो पनि रोकिएको छ । दुर्घटनामा एक नागरिकको ज्यान गयो, जुन दुःखलाग्दो कुरा हो । सो घटनाको फाइदा भने यातायात व्यवसायीलाई भएको छ । ट्राफिकले चेकिङ नगरेपछि राजस्व तिर्नपरेन । राज्यलाई त घाटा भयो । ट्राफिक नियम उल्लंघन गर्न सवारी चालकहरूले छुट पाएका छन् । विगतदेखि नै यातायात व्यवसायीको एउटै दाउ छ- राज्यलाई कमजोर बनाउने, यात्रुलाई लुट्ने र सञ्चारकर्मीलाई ढाँट्ने । गट्ठाघरको घटनाले उनीहरूलाई राहत दिलाइदियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, ट्राफिक कार्यालय जाने, झगडा गरेझैं गर्ने अनि सरकारलाई निर्णय कार्यान्वयन गर्न नदिने । आफ्नो योजनामा सफल नभएमा गाडी ग्यारेजमा थन्काउने, सडकमा रमिता देखाउने र यात्रुलाई दुःख दिने काम गर्दै आएका थिए । उनीहरू ट्राफिकलाई सवारी चेक गर्न रोक्ने दाउमा थिए । जुन गट्ठाघरको घटनाले पूरा गरिदियो । सरकार पनि यातायात व्यवसायीसँग कति डराएको ? एउटा घटनापछि सवारी अनुगमन गर्न रोक्नु लज्जास्पद छ । जबकि ट्राफिकको गल्ती पनि थिएन ।

राष्ट्रपतिनिवास महाराजगञ्जमा छ । प्रधानमन्त्रीनिवास बालुवाटारमा छ । संसद् भवन बानेश्वर र मन्त्री, प्रधानमन्त्री जतिबेला पनि सिंहदरबारमा बस्छन् । यातायात व्यवस्था विभाग मिनभवनमा छ । बालकुमारीबाट चल्ने नेपाल यातायात यी सबै कार्यालय पार गर्दै आफ्नो गन्तव्यमा पुग्छ । नेपाल यातायातमा खचाखच यात्रु हुन्छ । ढोकैसम्म यात्रु झुण्डचाइएको हुन्छ । हात छुट्यो कि ज्यान गयोको अवस्था छ । तर, सरोकारवालाको यसतर्फ ध्यान जाँदैन । देखेर पनि अनदेखा गरिदिन्छन् । उपत्यकाभित्रको हालत त यस्तो छ भने दुर्गमको हाल के छ ? अनि कहाँ छ सरकार ?

राजधानीमै सवारीसाधनको अवस्था हुम्लामा भन्दा गयगुज्रिएको छ । २५ वटा सिट तोकिएको सवारीसाधनले ७० जनासम्म हालिन्छ । ट्राफिक के हेरेर बसेको छ ? केपी शर्मा ओली प्रधानमन्त्री भएको दुई महिना हुन लाग्यो । यो अवधिमा उनले सम्झिनलायक त्यस्तो केही काम गरेका छैनन् । उनी हावा गफ ठोक्नमै व्यस्त छन् भने उनका मन्त्री जनता र सञ्चारकर्मी झुक्याउन । चार दशकदेखि दर्ता बन्द रहेको कालो प्लेटको टयाक्सी, फो स्टक टेम्पो, ढुवानी गाडीको नयाँ दर्ता खोल्न उनले चासो देखाएनन् । बरु महिला प्रधानमन्त्री बनाउनुपर्छ भनेर सस्तो लोकप्रियता कमाउनमै व्यस्त छन् ।

महिना दिनअगाडि तीजको कार्यक्रम गरे, समाज भड्काए । तर, राष्ट्र र जनताको हितमा काम गर्न उनलाई चासो भएन । प्रधानमन्त्री ओली हुनेखाने महिलालाई मात्र चिन्छन् । देशमा राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुखसम्म महिला बनिसकेका छन् । अब उनी महिला प्रधानमन्त्री बनाउने दौडमा छन् ।

जो आए पनि महिलाको अवस्था फेरिने होइन । ओलीजस्तै त हुन्छन् नि । हुनेखाने महिलाका लागि महिना अगाडिदेखि दर राख्छन्, रमझम गर्छन् । आर्थिक अवस्था कमजोर भएका महिलाहरूको पीडा कसैले देख्दैनन् । ओलीले अब कि काम गर्नुपर्‍यो कि पद छोड्नुपर्‍यो । देश र जनता खेलौना होइनन् । ओली आफैं भ्रष्टाचार काण्डमा मुछिएका छन् । झापाको गिरीबन्धु टी स्टेटको जग्गा सट्टाको निर्णय उनैले गरेका हुन् । अनि यस्ता व्यक्तिले देशमा सुधार गर्छन् ? भ्रष्टाचार रोक्छन् ?

देशको प्रधानमन्त्री र यातायातमन्त्री एमालेको र गृहमन्त्री कांग्रेसको छ । यातायात व्यवसायीलाई योभन्दा अरू के चाहियो ? उनीहरूले भनेको पूरा हुने भैगो । सडकमा उभिएका ट्राफिकलाई सार्वजनिक यातायात किन अनुगमन नगरेको ? सरकारले २० वर्षे पुरानो सवारीसाधन हटाउने निर्णय गरेको छ, तपाईंहरूले किन कार्यान्वयन नगरेको ? भनेर सोध्यो भने जवाफमा उनीहरू भन्छन्, 'हामीलाई निर्देशन आएको छैन । माथिबाट निर्देशन आयो भनेमात्र कार्यान्वयन गर्ने हो ।'

२० वर्षे गाडी हटाउने भनी २०७१ भदौ १९ गतेको मन्त्रिपरिषद्को बैठकले निर्णय गर्‍यो । फागुन १८ गते राजपत्रमा निकाल्यो । २०७२ चैत १ गतेको मन्त्रिपरिषद्को बैठकले २०७३ फागुन १७ गते बागमतीबाट र २०७४ चैत १ गतेबाट देशैभरबाट २० वर्षे गाडी हटाउने निर्णय गर्‍यो ।

२०७७ माघमा यातायात मन्त्रालयले २० वर्षे गाडीको सीधै लगतकट्टा, दर्ता, रुट परमिट खारेज गरिदिने र पत्रुमा पठाइदिने निर्णय गर्‍यो । अहिले पनि २० वर्षे गाडी मज्जाले सडकमा दौडिरहेको छ । तर, ट्राफिकले देख्दैन । सरकारले गरेको निर्णय दराजमा, यातायात व्यवसायी मोजमा ।

**– अनुसा थापा, भक्तपुर**

#### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## मननयोग्य


### चाणक्य नीति

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ । क्रमशः

# वरदान बन्यो राष्ट्रिय गौरवको आयोजना



■ झलनाथ खनाल

**भजनी–** डेढ दशक अगाडि सुरु भएको राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाको म्याद सकिन १० महिना बाँकी छ । नेपाल सरकार र विश्व बैंकको साझेदारीमा आव २०६६/६७ सालदेखि सुरु भएको आयोजनाले कैलालीको दक्षिण पूर्वी क्षेत्रका किसानको परम्परागत सिँचाइ प्रणालीलाई विस्थापित गर्दै आधुनिक र १२औं महिना सिँचाइको पहुँचमा पुर्‍याउने उद्देश्य राखेको थियो । त्यसैअनुसार किसानले अहिले आयोजनाबाट प्रत्यक्ष लाभ लिइरहेका पनि छन् ।

कूल १४ हजार ३०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य रहेको आयोजना विश्व बैंकसँगको सम्झौताअनुसार चालु आर्थिक वर्षको असारमा सम्पन्न हुँदै छ । म्याद सकिन १० महिना मात्रै बाँकी रहँदा आयोजनाको प्रगति भने ७४ प्रतिशतमा सीमित छ। २७ अर्ब ७० करोड रूपैयाँको खरिद गुरुयोजना स्वीकृत भएको आयोजनाले गत आर्थिक वर्षसम्म करिब २० अर्ब बजेट खर्च गर्न सकेको छ । 'भौतिक प्रगतिका आधारमा आयोजनाले गरेको खर्च सन्तोषजनक हो । तर म्याद सकिन लाग्दा सतप्रतिशत प्रगति हुने सम्भावना निकै कम छ,' रानी जमरा कुलरिया सिँचाइ आयोजना कार्यालयका सूचना अधिकारी नवीन पौडेलले भने, 'बाँकी काम सम्पन्न गर्नतिर आयोजनाको तर्फबाट हामी लागिपरेका छौं । आशा गरौं काम सम्पन्न हुन्छ ।' आयोजना हालसम्म दुई चरणमा सञ्चालन भएको थियो ।

सूचना अधिकारी पौडेलका अनुसार पहिलो चरणको आयोजनाको मूल नहरको काम नेपाल सरकारको लगानीमा भएको थियो भने शाखा नहर निर्माणको काम अर्थात् दोस्रो चरणमा विश्व बैंकको सहयोग रहेको छ । आयोजना सम्पन्न भए टीकापुर नगरपालिका, जानकी गाउँपालिका र लम्कीचुहा नगरपालिकाको केही क्षेत्रभित्रका ३४ हजार ५८९ घरधुरी आयोजनाबाट लाभान्वित हुने छन् । दोस्रो चरणको कार्यक्रम स्वीकृत हुँदा आयोजनाले शाखा नहरको काम तीन भागमा विभाजन गरेर सुरु गरेको थियो । रानी, जमरा र कुलरिया गरी तीन भागमा विभाजन भएको आयोजनाले एउटा शाखाको लागि करिब ५० करोड रूपैयाँ खर्च गरेको छ ।

'परम्परागतरूपमा किसानले विभाजन गरेको नामकै आधारमा आयोजनाले कामको वर्गीकरण गरेका थियो,' सूचना अधिकारी पौडेल भन्छन्, 'त्यसैअनुसार आयोजनाको ठेक्का भएर तीन ठेकेदार कम्पनीले कामको जिम्मा लिएका थिए ।'

रानी जमरा कुलरिया सिँचाइ आयोजनाअन्तर्गत कुलरिया सिँचाइ कुलोमार्फत थप छ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्‍याउने गरी नेपाल सरकारको लागतमा काम सुरु भएको छ। आयोजनाले लम्की स्टेसनसम्मको काम सम्पन्न गरेपछि शाखा कुलो निर्माणका लागि नेपाल सरकारले आफ्नै स्रोतबाट बजेट विनियोजन भएसँगै सिँचाइको पहुँच १४ हजार ३०० हेक्टरबाट २० हजार ३०० हेक्टर क्षेत्रफल पुगेको इन्जिनियर पौडेलको भनाइ छ । आयोजनाले ठेक्काको प्रक्रिया सुरु गर्ने तयारी गरेको छ ।

### जमरा कुलोको काम ९९ प्रतिशत

आयोजनाको जमरा कुलोतर्फको कामको प्रगति ९९ प्रतिशत पुगेको आयोजनाले जनाएको छ । रामेछाप शेर्पा कान्छाराम जेभीले ठेक्का पाएको जमरा कुलोको काम लगभग सकिएको कम्पनीका निर्देशक छिरिङ शेर्पाले बताए । उनका अनुसार संरचनागत काम सम्पन्न भएर भुक्तानीको काम बाँकी रहेको छ । 'हामीले काम सम्पन्न गरिसकेका छौं । सामान्य काम र भुक्तानीमात्रै बाँकी छ । दसैंसम्म सबै सम्पन्न गर्नेगरी लागेका छौं,' उनले भने, 'दसैंपछि आयोजना हस्तान्तरण गर्ने तयारी गरेका छौं ।' २०७७ को अन्तिममा ठेक्का सम्झौता भएको आयोजनाको काम तीन वर्षमा सम्पन्न भएको शेर्पाले बताए । आयोजनाको संरचनागत प्रगतिको प्रमुख आधार जमरा कुलो बनेको छ ।

### रानीको प्रगति ४५ प्रतिशतमात्रै

आयोजनाको रानी कुलोतर्फको कामको स्थिति निकै निराशाजनक देखिएको छ । गौरी पार्वती जेभीले ठेक्का पाएको रानी कुलोको प्रगति गत आर्थिक वर्षको अन्तिमसम्म ४५ प्रतिशतमात्रै देखिएको छ। सम्झौताअनुसारको म्याद पुसमा सकिँदै छ । त्यो समयावधिभित्र रानी कुलोको काम सम्पन्न हुने स्थिति निकै कम छ । आयोजनाकोतर्फबाट कम्पनीलाई ताकेता भइरहेको छ। काम सम्पन्न हुने सम्भावना निकै कम छ । सम्झौता भएअनुसारको समयभित्र काम सम्पन्न नभए ठेक्का तोड्नेसम्मको प्रक्रिया आयोजना कार्यालयले सुरु गरेको छ ।

उता निर्माणको जिम्मा पाएको गौरी पार्वती जेभीका प्रबन्धक रामकुमार थापाले सम्झौता भएको दुई वर्षपछि काम सुरु भएको हुँदा कामको प्रगति कम देखिएको बताए । 'पहिले अर्कै कम्पनीले काम गर्छौं भनेको थियो । दुई वर्षसम्म त्यसले काम नगर्दा अहिले समस्या आयो,' उनले भने, 'अहिले हामी आफैं लागेका छौं । अहिले दुई सिफ्टमा काम भइरहेको छ । सम्भवतः समयमा काम सम्पन्न गर्ने गरी कामको गति बढाएका छौं ।' उनले आयोजनाको काम समयमा सम्पन्न नगरे आफैंलाई घाटा हुने भन्दै गम्भीरतापूर्वक कामको गति बढाइएको बताएका छन् ।

### कुलरियाको पनि अवस्था उस्तै

कुलरिया कुलोको कामको प्रगति पनि सन्तोषजनक देखिएको छैन । हाई हिमाल हाइड्रोपावर कन्स्ट्रक्सनले कामको जिम्मेवारी पाएको आयोजनाको म्याद आउने मंसिरमा सकिँदै छ। यो स्थितिसम्म आयोजनाको प्रगति ६५ प्रतिशतमात्रै देखिएको छ । 'सम्झौता भएको म्यादसम्म काम सम्पन्न हुने सम्भावना कतैबाट देखिँदैन,' साइड इन्चार्ज प्रशान्त चौधरी भन्छन्, 'अहिले वर्षात्को समयमा काम गर्न सकिएको छैन । असोजभन्दा अगाडि काम सुरु हुने स्थिति पनि कम छ। त्यसपछिको समयमा बाँकी रहेको ३५ प्रतिशत काम सकिँदैन ।'

### नदी नियन्त्रणमा अर्बौं खर्च

सिँचाइसँगै नदी कर्णाली नदी नियन्त्रणमा पनि अर्बौं बजेट खर्च गरेको छ । खासगरी टीकापुर नगरपालिका र जानकी गाउँपालिकामा वर्षौंदेखि कर्णाली नदीको जोखिमलाई कम गरेको स्थानीय समाजसेवी रामबहादुर सुनारको भनाइ छ। नदी नियन्त्रणका लागि २५ किलोमिटर तटबन्धको काम भएको छ। कर्णाली नदीमा तटबन्धको काम सफल नभएपछि ठूलो ढुंगा खसालेर नदी नियन्त्रणको काम आयोजनाले गरेको छ । अहिले पनि नदी नियन्त्रणको काम आयोजनाले गरिरहेको छ। पुल पथरैया नदीमा तीन ठूला पुल निर्माण भइरहेका छन् । २० मिटरभन्दा कम लम्बाइ भएका १३ भन्दा बढी पुल निर्माण भएका छन् । सडक सञ्जाल विस्तारमा पनि आयोजनाको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । 'स्थानीय सरकारको बजेटले कहिल्यै नबन्ने सडक आयोजनाको लागतमा बनेका छन्,' रामबहादुर भन्छन्, 'आयोजना दक्षिण पूर्वी क्षेत्रका स्थानीयका लागि वरदान बनेको छ ।'

### आयोजनाबाट विद्युत् उत्पादन

गौरवको आयोजनाले सिँचाइसँगै विद्युत् उत्पादनको कामसमेत गरेको छ । ४.७ मेगावाट क्षमता रहेको विद्युत् गृहले हाल ३.१ मेगावाट विद्युत् उत्पादन गरिरहेको छ। तीनवटा युनिटबाट विद्युत् उत्पादन लक्ष्य रहेको विद्युत् गृहले हाल दुईवटा युनिटबाट विद्युत् उत्पादन गर्दै आएको छ । विद्युत् गृहमा आयोजनाले एक अर्ब रूपैयाँ लगानी गरेको छ। यस आयोजनाबाट विद्युत् बेचेर वार्षिक ३० करोड रूपैयाँ आम्दानी गर्ने लक्ष्य लिइएको छ । हाल विद्युत् उत्पादन भएर राष्ट्रिय प्रसारणमा जोडिएको छ ।

विद्युत् गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार भएको छैन । अध्ययनका नाममा कार्यविधि सात महिनादेखि मन्त्रालयमै रहेको आयोजनाले जनाएको छ । आयोजनाले पुसमै कार्यविधि तयार पारेर स्वीकृतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा बुझाएको थियो ।

### कृषि क्षेत्रमा पनि अर्बौं खर्च

गौरवको आयोजनाअन्तर्गत कृषि लक्षित कार्यक्रममा पनि अर्बौं खर्च भएको छ । कृषि कार्यक्रम कार्यान्वयन एकाइमार्फत किसानलाई अनुदानमार्फत ठूलो सहयोग गर्दै आएको छ। कृषि औजार, बीउविजन, भौतिक संरचना निर्माणदेखि विजवृद्धिको कार्यक्रम, केरा खेती, तरकारी खेती, पशुपालनलगायतका क्षेत्रमा कार्यान्वयन एकाइले किसानलाई सहयोग गरिरहेको कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख भरत कँडेल बताउँछन् ।

किसान, कृषि सहकारीलाई अनुदानमार्फत कृषि क्षेत्रमा ठूलो खर्च गरेको आयोजना आफूहरूका लागि वरदान भएको स्थानीय किसान धनसिंह साद बताउँछन् । 'कयौं किसानलाई आयोजनाले व्यावसायिक किसान बनाएको छ। कृषि क्षेत्रलाई आधुनिकीकरणमा लैजान आयोजना निकै फलदायी बनेको छ,' उनी भन्छन् । कृषि कार्यक्रम कार्यान्वयन एकाइले सात करोड रूपैयाँको लागतमा शीतभण्डार निर्माण गर्दै छ ।


### तेस्रो चरणको कार्यक्रम कति सम्भव ?

दोस्रो चरणको कामको समयावधि सकिनै लाग्दा तेस्रो चरणमा म्याद थप हुने कि नहुने भन्ने चासो बढ्दै गएको छ । आयोजनाका अनुसार तेस्रो चरणको कार्यक्रम स्वीकृत हुने सम्भावना रहेको छ । तर, कुलरिया कुलोमार्फत पथरैया नदीदेखि कान्द्रा नदीसम्म काम गर्ने गरी तेस्रो चरणको कार्यक्रम स्वीकृत हुनसक्ने स्थिति रहेको आयोजनाले जनाएको छ । 'तेस्रो चरणको कार्यक्रम स्वीकृत भए पनि रानी र जमरालाई छोडेर लम्की क्षेत्रतिर आयोजना केन्द्रित हुनसक्छ । त्यसका लागि हामीले पेस गर्नुपर्ने योजना पेस भइसकेको छ भने अर्थ मन्त्रालयबाट स्वीकृत भएर विश्व बैंकमा पेस भएको छ,' आयोजना कार्यालयका सूचना अधिकारी पौडेलले भने, 'तेस्रो चरणमा रानी जमरा कुलरियाका लागि आयोजनाको काम थप हुने सम्भावना निकै कम छ ।' पथरैयादेखि कान्द्रा नदीसम्मको आयोजना स्वीकृत भए थप १८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने छ । त्यसपछि आयोजनाबाट ३८ हजार ३०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने छ । पथरैया नदीदेखि कान्द्रासम्म आयोजनाको क्षेत्र विस्तार हुँदा कैलालीको बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका, जोशीपुर गाउँपालिका र भजनी नगरपालिकासम्म सिँचाइको पहुँच पुग्ने छ । *रासस*



**छोनाम (न्वागी) पर्व** | चितवनको रत्ननगर नगरपालिका–१० स्थित गामबेसी चेपाङ संरक्षण केन्द्रमा शनिबार ढ्यांग्रो ठोकेर छोनाम (न्वागी) पर्व मनाउँदै चेपाङ समुदाय । चेपाङ समुदायको महत्त्वपूर्ण पर्व न्वागी घरमा नयाँ अन्न भित्रिएको खुसियालीमा मनाउने गरिन्छ । घरमा उत्पादन भएका अन्नको यसरी पूजा गरेपछि मात्रै खान मिल्ने परम्परा रहेको छ । *तस्बिरः कृष्ण आचार्य/रासस*

# आरन पेसाले घर व्यवहार धान्न मुस्किल



**दार्चुला–** पछिल्लो समयमा बढ्दै गएको आधुनिकीकरणले दार्चुलामा आरन पेसा लोप हुँदै गएको छ । विगत केही वर्षमा हँसिया, कुटो, कोदालो, बञ्चरोलगायत घरेलु औजार निर्माण गर्ने आरन समयानुसार आधुनिक र व्यावसायिक बनाउन नसक्दा हराउन थालेको छ ।

शैल्यशिखर नगरपालिका–६ का पदमे लुहार युवा पुस्ताले आरन पेसा गरेर जीविकोपार्जन गर्न मुस्किल भएको बताउँछन् । 'यसबाट आय आर्जन खासै छैन,' उनले भने, 'यो पेसा गरेर परिवार पाल्न धौ धौ परेपछि यसप्रति युवा पुस्ताको आकर्षण छैन ।'

दिनरात काम गरे पनि आरन पेसा गर्नेले उचित पारिश्रमिक पाउँदैनन् । उनीहरूलाई स्थानीय सरकारको पनि कुनै सहयोग छैन । 'सरकारले आधुनिक आरन उपलब्ध गराएको भए सहज हुने थियो,' लुहार भन्छन् । नयाँ पुस्ताले चासो नदिँदा आरन पेसा हराउँदै गएको स्थनीय तेजुवा लुहारले भने । राज्यले अन्य पेसा व्यवसायीलाई जस्तै आरन पेसा गर्नेलाई पनि सहयोग र आवश्यक व्यवस्था मिलाइदिए यस पेसामा अडिरहन सहयोग पुग्ने उनको भनाइ छ ।

पर्याप्त आम्दानी नहुने र झण्झटिलो हुने हुँदा युवाले आरन पेसा छाड्दै गएको मालिकार्जुन गाउँपालिका–३ का फगिर टमाटा बताउँछन् । पछिल्लो समय युवाहरू पम्परागत पेसाभन्दा पनि वैदेशिक रोजगारका लागि बढी आकर्षित बन्न थालेको उनको भनाइ छ । दिनभर फलाम पिटेर सामग्री निर्माण गरेअनुसारको ज्याला नपाउने हुँदा आरन पेसा लोप हुन थालेको टमाटा बताउँछन् । औजार बनाएबापत थोरै अन्नको भरमा वर्षभरि औजार मर्मत र निर्माण गर्नुपर्ने अवस्था अहिले पनि कायम रहेको उनको भनाइ छ ।

आरन पेसा व्यावसायिक बन्न नसक्नु, पेसालाई सम्मान हुने वातावरण नहुनु तथा सरकारले सहयोग नगर्नु जस्ता कारणले यो पेसा ओझेलमा परेको हो । विभिन्न किसिमका औजार उत्पादन गरे पनि बजारको समस्या भएको स्थानीय गोकर्ण लोहारको भनाइ छ । गाउँगाउँ पुगेर बिक्री गरे पनि परिश्रम गरे अनुसारको पैसा नउठ्ने उनी बताउँछन् ।

१६ वर्षको उमेरदेखि आरन पेसा सम्हाल्दै आएका लोहार ७५ वर्ष हुँदासम्म यही पेसामा सक्रिय छन् । परम्परागतरूपमा गर्दै आएको आरन पेसाबाट परिवारको खर्च धान्न समस्या भएको उनको भनाइ छ । यो पेसामा आफ्नो भविष्य खोजी रहेका युवाहरूका लागि आधुनिक मेसिन र बजारीकरणमा स्थानीय सरकारले ध्यान दिनुपर्ने लोहारको माग छ ।

समाजले हेर्ने दृष्टिकोण र पेसाको सम्मान नहुँदा युवामा परम्परागत पेसाप्रति आकर्षण घट्न थालेको छ । युवाहरू पुरानो पेसाभन्दा अरू नै व्यवसाय गर्न र विदेश जान मन पराउन थालेपछि परम्परागत आरन पेसा लोप हुने अवस्थामा पुगेको छ । *रासस*


## Damak Municipality
### Office of theMunicipal Executive
**Damak, Jhapa**
**Koshi Province , Nepal**

**INVITATION FOR ONLINE BIDS**

***Date of publication : 08-09-2024***

The Damak Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for Procurement of Following Projects under National Competitive Bidding (NCB).

| S. N. | Contract Identification No | Name of Project | Cost of Document NRs. | Bid Security Amount NRs. |
|---|---|---|---|---|
| 1 | DMO/JHAPA/ PAD/2081/82 | Procurement of Sanitary Pad-Damak Municipality 2081/82 | 3,000 | 90,000 |

❖ Eligible Bidders may obtain further information from https://bolpatra.gov.np/egp/

| Information to deposit the cost of bidding document | Information to deposit the Bid Security |
|---|---|
| Name of the Bank: Rastriya Banijaya Bank, Damak Branch<br>A/C Name: DAMAK NA.PA.(GA-1-1)-AANTARIK RAJSA<br>A/C No.: 2140100301010002 | Name of the Bank: Rastriya Banijaya Bank, Damak Branch<br>A/C Name: : DAMAK NA.PA.(GA-3)-DHARAUTI ACCOUNT<br>A/C No.: 2140100303000002 |

**Chief administrative officer**

# प्रभाव दैनिक


## रूपशाला

### ओटिटी प्लेटफर्ममा रिलिज हुँदै स्त्री २

बलिउड चलचित्र स्त्री २ ठुलो स्क्रिनपछि ओटीटी प्लेटफर्ममा रिलिज हुने भएको छ । श्रद्धा कपूर र राजकुमार राव स्टारर हरर कमेडी चलचित्र 'स्त्री २' सन् २०१८ को सुपरहिट फिल्म स्त्रीको सिक्वेल हो । ६ वर्षपछि अमर कौशिक निर्देशित र दिनेश विजनको निर्माणमा बनेको फिल्मको सिक्वेलले बक्स अफिसमा धुम मच्चाइरहेको छ । फिल्मले हालसम्म घरेलु बक्स अफिसमा ५ सय करोड भारूभन्दा बढीको व्यापार गरिसकेको छ । रिपोर्टका अनुसार, स्त्री २ सेप्टेम्बर २७ मा ओटीटी प्लेटफर्म एमाजन प्राइम भिडियोमा स्ट्रिम गर्न गइरहेको छ ।





# बागलुङमा 'बसन्त' को छायांकन



**काठमाडौं (प्रस)–** फिल्म 'परदेशी २'बाट अभिनेता बनेका गायक प्रकाश सपूतको नयाँ फिल्म बसन्तको छायांकन शुरु भएको छ । फिल्मको छायांकन बाग्लुङको धार्मिक स्थल कालिका मन्दिरमा फिल्मको मुहूर्त गरिएको हो ।

प्रकाशसहित अभिनेत्री स्वस्तिमा खड्का लगायतले क्यामेरा, स्क्रिप्ट र क्ल्याप बोर्ड पूजा गरेका थिए । मुहूर्तपछि शान्ति पदयात्रा पनि निकालिएको थियो । बागलुङस्थित सपूतको जन्मथलो धम्जा गाउँसहितका क्षेत्रमा करिब २५ दिन फिल्मको छायांकन हुने जनाइएको छ । दशैं र तिहारको बीचमा भने काठमाडौं र तराई क्षेत्रमा छायांकनको तयारी गरिएको निर्देशक सपूतले बताए ।

सुसन प्रजापतिको छायांकन रहने फिल्ममा प्रकाश र स्वस्तिमासहित अनुप बराल, कमलमणी नेपाल, प्रकाश घिमिरे, प्रभात पाल ठकुरी, खड्कबहादुर पुन, शिवांशी श्री लगायतको पनि अभिनय रहनेछ । यसमा प्रकाश स्वयंको लेखन छ भने गीत पनि उनले नै तयार पारेका छन् । तीन करोड बजेट अनुमान गरिएको फिल्मलाई आगामी चैत २२ गतेबाट प्रदर्शन गरिँदैछ ।

# 'दोस्रो डम्फु साँझ'को तयारीमा विश्व दोङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक तथा संगीतकार विश्व दोङ 'दोस्रो डम्फु साँझ-२०८१' को तयारीमा जुटेका छन् । उनी आफ्नो ब्याण्ड 'ल्हास्सो म्युजिकल ब्याण्ड'को साथमा डम्फु साँझमा प्रस्तुत हुने तयारीमा जुटेका हुन् ।

आगामी असोज १२ गते दरबारमार्गस्थित लिक्विड लाउञ्ज एण्ड बारमा डम्फु साँझ अयोजना हुन् तय भएको छ । कार्यक्रम डम्फु साँझ प्रालिले आयोजना गर्न लागेको हो ।

कार्यक्रमबारे जानकारी दिन शनिबार आयोजित पत्रकार सम्मेलनमा गायक दोङले तामाङ जातिको इतिहाससँग जोडिएको सांस्कृतिक बाजा डम्फुको संरक्षण र प्रवर्द्धन गर्दै नयाँ पुस्तामा यसको महत्त्वबारे सचेतना जगाउने अभियानको रूपमा डम्फु साँझ आयोजना गर्दै आएको बताए । उनले २०७५ सालमा पहिलो डम्फु साँझ आयोजना गरिएकोमा कोभिड-१९ महामारीलगायत विभिन्न कारणले निरन्तरता दिन नसकिएको जानकारी दिए । अहिले पुनः कार्यक्रमलाई निरन्तरता दिन लागिएको हो ।

'डम्फू तामाङ संस्कृतिमा प्रयोग हुने र प्राचीन इतिहास बोकेको बाजा हो । तामाङ संस्कार संस्कृतिमा ताम्बाहरूले बजाउने यो बाजा तामाङ सेलोलगायत गीत संगीतमा विशेषरूपमा प्रयोग हुँदै आएको छ,' गायक दोङले भने, 'तर, युवा पुस्ताले डम्फुलाई बिर्सिंदै गएको देखिन्छ । त्यसैले उनीहरूलाई डम्फुको महत्त्वबारे जानकारी दिँदै यसको प्रयोग र संरक्षणमा सचेत गराउन डम्फु साँझको अवधारणा अघि बढाएका हौं ।'





कार्यक्रममा गायक दोङ र उनको ल्हास्सो म्युजिकल ब्याण्डको लाइभ प्रस्तुति हुने आयोजकले जानकारी दिएको छ । त्यस क्रममा विभिन्न मौलिक गीतहरूका साथमा गायक दोङका नयाँ तथा पुराना गीतहरू प्रस्तुत गरिने छ । गायिका सुमिना लो र सुनिता गोलेको पनि विशेष प्रस्तुति रहने जनाइएको छ ।

# अपर मुस्ताङमा ४५ लाखको सेटमा 'एक्लो'

**काठमाडौं (प्रस)–** नेपाली फिचर फिल्म 'एक्लो'को टिम यतिबेला अपर मुस्ताङमा छ । साइन्स फिक्सनमा आधारित रहेर निर्माण भइरहेको चलचित्रका लागि निर्माण पक्षले अपर मुस्ताङमा करिब ४५ लाखको सेट तयार गरेर छायाङ्कन सुरु गरेको छ ।

छायाङ्कनरत चलचित्रमा सेट निर्माणको काम भइरहेका छ भने चलचित्रका निर्देशक प्रदीप साही, छायाकार बाबु श्रेष्ठ, हलिउड कलाकार जेमी बेकमलगायतको व्यस्ततालाई देखाइएको छ । कलाकार जेमी बेकम बेलायतको निर्माण साझेदारको रूपमा समेत जोडिएका हुन् ।

करिब एक हप्ता अघि काठमाडौंको भद्रकालीमा चलचित्रको शुभ मुहूर्त गरेर ललितपुरको च्यासलमा केही दृश्य छायाङ्कन गरेर निर्माण टिम मुस्ताङ प्रस्थान गरेको थियो ।



चलचित्रका कार्यकारी निर्माता विनोद सुवेदी (क्षितिज)का अनुसार मुस्ताङमा ३० देखि ३५ दिनसम्म छायाङ्कन गरिनेछ । हाल अपर मुस्ताङको लोमान्थाङमा छायाङ्कन भइरहेको चलचित्रलाई, छुसेल, छुसाङ, कागवेनी, जोमसोमलगायतका स्थानमा पनि छायाङ्कन गरिनेछ ।

मुस्ताङको छायाङ्कन पश्चात् भने निर्माण टिमले १५ दिनको समय तालिका मिलाएर काठमाडौँमा छायाङ्कन गर्नेछ । यो चलचित्रमा स्टारकास्टहरूको लाइन नै लागेको छ । जसमा प्रदीप खड्का, विजय लामा, सुनिल थापा, दिया पुन, बेनिशा हमाल, दिनेश डीसी, कविता नेपाली, सुरज सिङ ठकुरी, त्रुचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री , विनोदकुमार सुवेदी क्षितिज, श्रीशेष श्रेष्ठ र बाल कलाकार जेमिन श्रेष्ठ र स्योन सविक सिङलगायत बेलायती अभिनेता जेमी बेकनको अभिनय रहनेछ ।

चलचित्र एक्लोका निर्माता राजु कुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा, बागवीर पुन हुन् भने कार्यकारी निर्माता विनोद सुवेदी क्षितिज रहेका छन् । बाबु श्रेष्ठको छायाङ्कन रहने यस चलचित्रमा राजु तामाङको द्वन्द्व निर्देशन, सेट डिजाइनरमा राजु पेन्टर, कला निर्देशनमा सन्तोष लामा तथा प्रोडक्सन डिजाइनरमा प्रेम खड्का रहेका छन् ।

# 'खुस्मा' जापान र कोरियामा पनि

■ प्रभाव संवाददाता

**काठमाडौं –** संविधान दिवसको अवसर पारे असोज ३ गतेदेखि प्रदर्शनमा आउने सिनेमा 'खुस्मा'को जापान र कोरियामा पनि प्रदर्शन हुने भएको छ । निर्माण टिमले शुक्रबार एक पोस्टर सेयर गर्दै सिनेमाको यी दुई देशको प्रदर्शन अधिकार बिक्री भएको जानकारी दिएको हो ।

सिनेमाको जापान प्रदर्शन अधिकार खुर्पेटो प्रोडक्सनले किनेको हो भने कोरिया राइट्स कस्ले किनेको भन्ने निर्माण टिमले खुलाउन चाहेन । सिनेमाको गीत र टिजर रिलिज पश्चात् दर्शकमाझ हाइप उच्च बनेको छ । जसको फाइदा सिनेमाको विदेश राइट्को माग बढेको निर्देशक अशोक थापा मगरले बताए । अन्य थुप्रै देशबाट सिनेमा प्रदर्शनको कुरा भैरहेको उनले जानकारी दिए ।

एम मिडिया प्रालिको ब्यानरमा निर्माण भएको सिनेमाको लेखक पनि निर्देशन मगर हुन् ।

सिनेमाको निर्मातामा विर बहादुर लामा, चन्द्र बहादुर भट्टचन, मान बहादुर धनाह मगर र बेतान मगर छन्, भने सह-निर्माता सुस्मिता बुढाथोकी हुन् । सिनेमामा दीपक बज्राचार्यको छायांकन रहेको छ ।

सिनेमामा धिरज र उपासनाका अलवा माओत्से गुरुङ, खड्क बहादुर पुन (खबपु), सुजाता राई, विजय सुब्बा, राज थापा काउचा, अस्तित्व भट्टचन, संगीता थापा मगर, अरुन मगर, सारा राई, श्वेता मिश्र, विवेश मगर लगायतका कलाकारको अभिनय रहेको छ । मगर समुदायको परिवेशमा निर्माण भएको प्रेमकथामा आधारित सिनेमाले जनयुद्धको प्रभावका बिच अंकुराएको प्रेमलाई पर्दामा देखाउने छ ।

## रंगशाला

### लामाचौर कप राष्ट्रिय भलिबल

# पुलिस क्लबलाई उपाधि





■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सम्पन्न लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगिताको पुरुषतर्फको उपाधि विभागीय टोली नेपाल पुलिस क्लबले जितेको छ ।

लामाचौरस्थित इन्द्रराज्यलक्ष्मी माविको खेल मैदानमा आज सम्पन्न रोमाञ्चक फाइनल खेलमा अर्को विभागिय टोली एपिएफलाई ३-२ को सेटमा हराउँदै पुलिसले उपाधि चुमेको हो । पुलिस क्लब गत वर्षको उपविजेता हो । नवआदर्श सामुदायिक विकास समाजले आफ्नो वार्षिकोत्सव तथा हरितालिका तीजको अवसरमा प्रतियोगिता आयोजना गरेको थियो ।

यसअघि शुक्रबार हुने फाइनल खेल खराब प्रकाश (लाइट प्रोटेस्ट)का कारण १-१ सेटको बराबरीमा रोकिएपछि आज खेलाइएको थियो । पुलिसले पहिलो सेट २५-१६को सहज जित निकाले पनि दोस्रो सेटमा २१-२५ को हार व्यहोरेको थियो । तेस्रो सेटमा पुनःखेलमा फर्कँदै पुलिसले २५-१९ को जित हासिल गऱ्यो तर चौथो सेटमा एपिएफ खेलमा फर्कँदै २५-२२ को जित निकालेपछि खेल २-२ सेटको बराबरीमा पुगेको थियो । अन्तिम सेटसमेत निकै रोमाञ्चक बन्यो । दुवै टिमले निकै सङ्घर्ष गरे पनि अन्ततःनतिजा भने पुलिसको पक्षमा रह्यो । पुलिसले अन्तिम सेटमा १६-१४ को जित निकाल्दै उपाधि चुमेको हो । उपाधिसँगै पुलिसले नगद रू एक लाख ५० हजार हात पारेको छ । उपविजेता एफिएफले रू एक लाख एक सय ११ प्राप्त गर्यो ।

प्रतियोगितामा नेपाल पुलिस क्लबका सञ्जुविक्रम शाह सर्वोत्कृष्ट खेलाडी घोषित भए । सोही क्लबका बलराम गुरुङ उत्कृष्ट सेटर, भिम गाहा उत्कृष्ट डिफेन्डर र सफल विक उत्कृष्ट ब्लकर घोषित भए । यस्तै, एपिएफका हेमन्त मल्ल उत्कृष्ट सर्भर, विजय थापा उत्कृष्ट स्पाइकर र पुलिस क्लबका चन्द्र कुवँर उत्कृष्ट प्रशिक्षक घोषित भए । उनीहरू सबैलाई समान रू पाँच-पाँच हजार, ट्रफी र मेडल पुरस्कार प्रदान गरियो ।

प्रतियोगिताको महिलातर्फको उपाधि भने एपिएफले उचालेको थियो । शुक्रबार सम्पन्न फाइनल खेलमा न्यु डायमण्डलाई ३-१ को सेटमा हराउँदै उपाधि चुमेको हो । पहिलो सेट २५-२३ ले हराएको एपिएफले दोस्रो सेटमा पनि २५-२३ कै जित हासिल गऱ्यो तर तेस्रो सेटमा १३-२५ को हार बेहोरेको एपिएफले चौथो सेटमा २५-१० ले हराउँदै उपाधि चुमेको हो ।

प्रतियोगिताको महिला-पुरुष दुवैतर्फ चार-चार टिमको सहभागिता रहेको थियो । प्रतियोगिता यही भदौ १९ गतेदेखि सञ्चालन भएको थियो ।

# लामाको नेतृत्वमा वादोरियो कराते डो संघ नगर कमिटी गठन

■ प्रभाव संवाददाता

**काठमाडौं–** रमेश लामाको नेतृत्वमा नेपाल वादोरियो कराते डो संघ नागार्जुन नगर कमिटी गठन भएको छ । नागार्जुनस्थित रानीवन बुद्धचोकमा शनिबार नागार्जुन शाखा डोजो संघको भेलाले लामाको नेतृत्वमा नवौं सदस्यीय कार्यसमिति गठन गरेको हो ।

भेलाले उपाध्यक्षमा रविला लामा, सचिवमा उमाकान्त उपाध्याय, कोषाध्यक्षमा सञ्जय लामालाई चुनेको छ। यस्तै, सदस्यमा नवराज लामा, रिनेश लामा, यादव रायमाझी, रोहन पुतुवार र अजित पुतुवारलाई कार्यभार सुम्पिएको छ ।





कार्यक्रममा सहभागी खेलाडी र सिनियर प्रशिक्षक लामाले विशेष खेल प्रदर्शन गरेका थिए । सो भेलामा प्रमुख अतिथि नेपाल वादोरियो कराते डो संघका अध्यक्ष हरिशरण केसी, विशेष अतिथि वडा नम्बर १ अध्यक्ष रामेश्वर लामा, ओलम्पियन संगीना वैद्य, सिनियर प्रशिक्षक सञ्जय लामालगायत अन्य अतिथिको उपस्थिति थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै वडाअध्यक्ष लामाले नागार्जुन नगरभित्र रहेका बालबालिकालाई लक्षित गर्दै खेल क्षेत्रमा अघि बढ्न प्रोत्साहन गर्ने प्रतिबद्धता जनाए। '२१औं शताब्दीमा बालबालिका विभिन्न अनलाइन गेममा व्यस्त हुने गरेका छन् । शारीरिक रूपमा पनि बलियो बनाउन र स्वस्थ बनाउन यो खेललाई जोड दिनुपर्ने छ,' उनले भने ।

# कोटेश्वर तेक्वान्दो डोजाङ च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोटेश्वर तेक्वान्दो डोजाङ छैटौं नेकोस राष्ट्रिय खुला तेक्वान्दो प्रतियोगितामा शनिबार टिम च्याम्पियन बनेको छ । कोटेश्वरले ८ स्वर्ण, ३ रजत र ४ कांस्य जित्यो ।

नेपाल खेलकुद महासंघ (नेकोस) अन्तर्गतको राष्ट्रिय तेक्वान्दो संघको आयोजनामा पेप्सीकोलास्थित कोटेश्वर तेक्वान्दो डोजाङमा भएको प्रतियोगितामा सुन्दरीमाइ तेक्वान्दो डोजाङ २ स्वर्ण, २ रजत र ५ कांस्यसाथ दोश्रो भयो । तेश्रो स्थानको ओम माने तेक्वान्दो डोजाङले १ स्वर्ण र ४ रजत हात पाऱ्यो ।

विजेतालाई बागमती प्रदेशका पूर्व सभामुख सानुकुमार श्रेष्ठ, राष्ट्रिय खेलकुद परिषद्का कार्यकारी समितिका सदस्य एकेन्द्र कुँवर, तेक्वान्दोका वरिष्ठ प्रशिक्षक नवीनकुमार श्रेष्ठ, आयोजक राष्ट्रिय तेक्वान्दो संघकी अध्यक्ष शारदा धिमाललगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

त्यसअघि एकदिने प्रतियोगिताको नेपाल खेलकुद महासंघका इन्चार्ज एवं नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगननाथ थपलिया र नेकोसका महासचिव धर्मकुमार लामाले उद्घाटन गरेका थिए ।

प्रतियोगितामा २ सय ७५ खेलाडीले १६ स्पर्धामा प्रतिस्पर्धा गरेको तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्काले जनाएका छन् ।

# गाजा युद्ध १२औं महिनामा प्रवेश, युद्धविरामको सम्भावना अझै क्षीण



**पेरिस–** गाजामा इजरायल र हमासबीचको युद्ध शनिबार १२औं महिनामा प्रवेश गरेको छ । जारी युद्धबीच युद्धविरामका लागि इजिप्ट, अमेरिका, कतारलगायतका मुलुकले मध्यस्थता गरिरहे पनि प्यालेस्टिनी भूभागका लागि राहत वा इजरायली बन्धकहरूको रिहाइको आशाको कुनै संकेत देखिएको छैन ।

इजरायलमा रहेका कैदीहरूको बदलामा हमासद्वारा बन्धक बनाइएका बन्धकहरूलाई पनि मुक्त गर्ने युद्धविरामको सम्भावना क्षीण देखिन्छ, दुवै पक्ष आ-आफ्नो अडानमा अडिग छन् । गत अक्टोबर ७ मा इजरायलमाथि आक्रमण गरेको हमासले इजरायललाई उसको सेना पूर्णरूपमा फिर्ता बोलाउन माग गरिरहेको छ तर इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतन्याहूले गाजा-इजिप्ट सीमाको एक महत्त्वपूर्ण भू-भागमा सेना राख्नुपर्नेमा जोड दिएका छन् ।

हमासले इजरायलको दक्षिणी क्षेत्रमा गरेको आक्रमणमा करिब एक हजार २०५ जनाको मृत्यु भएको थियो जसमध्ये अधिकांश सर्वसाधारण रहेका थिए । हमास शासित गाजामा इजरायलले गरेको जवाफी कारबाहीमा अधिकारीहरूले झण्डै ४१ हजार व्यक्ति व्यक्तिको मृत्यु भएको बताएका छन् । संयुक्त राष्ट्रसंघको मानवअधिकार कार्यालयका अनुसार मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन् ।

आक्रमणका क्रममा प्यालेस्टाइनी लडाकुले कब्जामा लिएका २५१ बन्धकमध्ये ९७ जना गाजामै रहेका छन् भने ३३ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ । नोभेम्बरमा एक हप्ताको युद्धविरामको क्रममा दर्जनौं मानिसलाई आदानप्रदान गरिएको थियो । गत आइतबार इजरायलले एक अमेरिकी-इजरायली नागरिकसहित छ जना बन्धकको शव फेला परेको घोषणा गरेपछि इजरायलमा शोक र आक्रोश छाएको थियो ।

संयुक्त राष्ट्रसंघीय प्यालेस्टिनी शरणार्थी एजेन्सी (युएनआरडब्ल्युए) का प्रमुख फिलिप लाजारिनीले शनिबार एक्समा लेखेका छन्, '११ महिनाको समय काफी हो । यसलाई अब कसैले पनि लिन सहज लिन सक्दैन । अब युद्धविराम हुनुपर्छ र मानवताको विजय हुनुपर्छ ।'

टर्कीका एक अमेरिकी कार्यकर्तालेे कब्जा गरेको क्षेत्रमा इजरायली बस्तीको विरोधमा प्रदर्शन गरिरहेको पश्चिम किनारामा शुक्रबार भएको गोलीकाण्डले युद्ध अन्त्यका लागि अन्तर्राष्ट्रिय दबाबलाई थप बल दिएको छ । २६ वर्षीया आइसेनुर एज्जी आइगीको परिवारले उनको मृत्युको स्वतन्त्र छानबिनको माग गर्दै शनिबार उनको जीवनलाई इजरायली सेनाले अनावश्यक, गैरकानुनी र हिंसात्मकरूपमा हत्या गरेको आरोप लगाएको छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयले इजरायली सेनाले आइगीको टाउकोमा गोली हानेर हत्या गरेको जनाएको छ । अंकाराले उनलाई 'इजरायली कब्जा क्षेत्रमा सैनिकहरू' द्वारा मारिएको बताएको छ, र राष्ट्रपति रेसेप तैयप एर्दोगानले इजरायली कार्यलाई 'बर्बरता' को रूपमा निन्दा गरेका छन् । वासिङ्टनले उनको मृत्युलाई 'दुःखद' भनेको छ र आफ्नो निकट सहयोगी इजरायललाई अनुसन्धान गर्न दबाब दिएको छ । करिब चार लाख ९० हजार मानिस बसोबास गर्ने वेस्ट बैंकमा इजरायली बस्ती अन्तर्राष्ट्रिय कानुनअनुसार गैरकानुनी छन् ।

अक्टोबर ७ मा हमासको आक्रमणपछि इजरायली सेनाले सन् १९६७ मा इजरायलले कब्जा गरेको वेस्ट बैंकमा ६६२ भन्दा बढी प्यालेस्टिनीको हत्या गरिसकेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ । सोही अवधिमा प्यालेस्टिनी आक्रमणमा परी सुरक्षा बलका सदस्यसहित कम्तीमा २३ जना इजरायलीको मृत्यु भएको इजरायली अधिकारीहरूले बताएका छन् ।

इजरायली सेनाले वेस्ट वैंकको जेनिन सहरमा १० दिनसम्म चलेको घातक आक्रमणबाट पछि हटेको दिन आइगीको मृत्यु भएको थियो । गाजा युद्धमा युद्धविरामका लागि वार्ता गर्ने विषयमा इजरायल र संयुक्त राज्य अमेरिकाबीच विवाद भएपछि जेनिनको बहिर्गमन भएको हो ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बिहीबार '९० प्रतिशत सहमति भएको' भन्दै इजरायल र हमासलाई सम्झौतालाई अन्तिम रूप दिन आग्रह गरेका छन् । तर, इजरायली प्रधानमन्त्री नेतन्याहूले फक्स न्युजसँग कुरा गर्दै भने, 'यो नजिकको कुरा होइन ।'

अमेरिकी राष्ट्रपति जो बाइडेनले अघि सारेको प्रस्तावमा इजरायल सहमत भएको भन्दै हमासले गाजा पट्टीबाट इजरायललाई पूर्णरूपमा फिर्ता लिन माग गर्दै आएको छ । एएफपीका संवाददाताका अनुसार शुक्रबार रातभर र शनिबार बिहानै उक्त क्षेत्रमा कयौं हवाई आक्रमण र गोलाबारी भएको थियो ।

गाजाको नागरिक सुरक्षा निकाय र प्यालेस्टिनी रेड क्रिसेन्टले मध्य गाजाको नुसिरात शरणार्थी शिविर नजिकै इजरायली हवाई आक्रमणमा परी चार जनाको मृत्यु भएको जनाएको छ । नागरिक प्रतिरक्षा र एक प्रत्यक्षदर्शीका अनुसार 'बुरेज क्याम्प'को एक फ्ल्याटलाई लक्षित गरी गरिएको हवाई आक्रमणमा अन्य चार जनाको मृत्यु भएको थियो ।

जबालियामा इजरायली हवाई आक्रमणमा परी थप चार प्यालेस्टिनीको मृत्यु भएको नागरिक सुरक्षा अधिकारीहरूले बताएका छन् । गाजा सहरको उत्तरमा भएको हवाई आक्रमणमा परी एक महिला र एक बालकको पनि मृत्यु भएको बताइएको छ । बेइट लाहियाको एक आवासीय क्षेत्रमा भएको हवाई आक्रमणमा परी कम्तीमा ३३ जना प्यालेस्टिनी घाइते भएको र उनीहरूको अल अवदा, कमल अदवान र इन्डोनेसियाली अस्पतालमा उपचार भइरहेको चिकित्सकहरूले बताएका छन् । *रासस/एएफपी*



इजरायल-हमासबीच जारी द्वन्द्वबाट विस्थापित भई मध्य गाजा पट्टीको देइर अल-बालाहमा बसेका प्यालेस्टिनीहरूको पाल । *तस्विर: सिन्हवा*

# 'यागी' चक्रवातका कारण चीनमा दुई जनाको मृत्यु



**चीन–** दक्षिण चीनको टापु प्रान्त हाइनानमा चक्रवात (सुपर टाइफुन) यागीले निम्त्याएको भारी वर्षा र वेगवान् हुरीको कारण दुई जनाको मृत्यु हुनुका साथै ९२ जना घाइते भएको स्थानीय अधिकारीहरूले शनिबार बताएका छन् ।

यागीका कारण चीनको डिंगान काउन्टीमा दुई जनाको मृत्यु भएको छ भने वेञ्चाङ सहरमा शनिबार १२ जना र हाइकोउ सहरमा ८० जना घाइते भएको प्रान्तीय प्रशासनले जानकारी गराएको छ । आँधी र वर्षा कम भएपछि हाइनानमा वागीका कारण जारी गरिएको चेतावनी अन्त्य गरिएको छ भने प्रान्तभरि उद्धार कार्यहरू सुरु गरिएको थियो ।

विद्युत्का कर्मचारीहरूलाई प्रभावित घरहरूमा बिजुली पुनःस्थापना गर्न परिचालन गरिएको बताइएको छ । वर्षा र आँधीका कारण अवरुद्ध ८९ वटा सडकमध्ये ५१ वटाको सडकको मर्मत सम्भार भइरहेको जनाइएको छ । प्रभावित क्षेत्रमा रेल सेवाहरू शनिबार दिउँसो पुनः सुरु हुने अपेक्षा गरिएको छ भने किओङझाउ प्रान्तमा आइतबार साँझमात्र सेवाहरू पुनः सुरु हुने अनुमान गरिएको छ ।

यागीको कारण हाइकोउ माइलान अन्तर्राष्ट्रिय विमानस्थल आज (आइतबार)सम्म बन्द रहने छ भने सान्याको फिनिक्स अन्तर्राष्ट्रिय विमानस्थलले शनिबारदेखि उडान सेवाहरू पुनः सुरु गर्ने जनाइएको छ । प्रान्तभरि १२ हजार ५०० भन्दा बढी सञ्चार स्टेसनहरू क्षतिग्रस्त भएको वेञ्चाङ सहरले सञ्चार सुविधामा सबैभन्दा बढी क्षति बेहोरेको छ भने र पुनःस्थापनाका लागि कर्मचारीहरू खटिएका छन् ।

शुक्रबार पहिले चीनको हाइनानमा अवतरण गरेको यागीले त्यसपछि गुआङडोङ प्रान्तलाई प्रभावित पार्दै विस्तारै भियतनामतर्फ मोडिएको छ । शनिबार भियतनामले तटीय क्षेत्रमा यागीबाट हुनसक्ने सम्भावित दुर्घटनाबाट सावधानी अपनाउन चेतावनी जारी गरेको छ । रासस/सिन्ह्वा


# विश्व व्यवस्थामाथि खतरा रहेको चेतावनी

**लण्डन–** अमेरिकी गुप्तचर निकाय (सिआइए) का निर्देशक बिल बर्न्स र बेलायतको एमआई-सिक्सका प्रमुख रिचार्ड मुरले विश्व व्यवस्था शीतयुद्धपछि विश्वले नदेखेको खतरामा रहेको चेतावनी दिएका छन् ।

फाइनान्सियल टाइम्सको विचार पृष्ठमा लेखेको लेखमा दुई गुप्तचर प्रमुखले भनेका छन्, 'हामीसँग एक अर्काभन्दा बढी विश्वसनीय वा सम्मानित सहयोगी कोही छैन । उनीहरूले मुख्यतया रूस, चीन र मध्यपूर्वबाट अभूतपूर्व खतराहरूको सामना गरिरहेको बताउँदै आफूहरूको साझेदारी महत्त्वपूर्ण हुने बताएका छन् ।

संयुक्त राज्य अमेरिका र बेलायत फेब्रुअरी २०२२ मा सुरू गरिएको रूसी आक्रमणको प्रतिरोधमा युक्रेनको प्रमुख वित्तीय र सैन्य समर्थकमध्ये दुई प्रमुख राष्ट्र हुन् । 'सहकार्य रहनु पहिलेभन्दा बढी महत्त्वपूर्ण छ,' लेखमा भनिएको छ, 'रूसी गुप्तचर निकायले युरोपभरि चलाएको विध्वंसको लापरवाहीपूर्ण अभियानलाई बिथोल्न हामी मिलेर काम गरिरहेका छौं ।'

लेखमा 'उनीहरू (अमेरिका र बेलायत)ले उन्नत एआई र क्लाउड प्रविधिको प्रयोग अहिले कसरी गरिरहेका छन् भन्ने कुरा पनि उल्लेख गरेका छन् । पश्चिमा मुलुक र खासगरी अमेरिका र बेलायतले ती प्रविधिले संकलन गरेका तथ्यांकको







विशाल भण्डारहरू प्रयोग गरिरहेका लेखमा महत्त्वका साथ उल्लेख गरिएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बेलायती प्रधानमन्त्री केइर स्टार्मरलाई सेप्टेम्बर १३ मा वासिङ्टनमा स्वागत गर्ने कार्यक्रम तय भएको वा स्टार्मरको भ्रमणको घोषणा भएको समयमा उक्त चेतावनी आएको हो । अमेरिकी राष्ट्रपति जो बाइडेनले बेलायती प्रधानमन्त्री स्टार्मरलाई स्वागत गर्ने कार्यक्रम केही दिनअघि तय भएको थियो ।

ह्वाइट हाउसले शुक्रबार भनेको छ, 'उनीहरू (बाइडेन र स्टर्ममर)ले अन्य कुराका साथै 'युक्रेनलाई निरन्तर मजबुत बनाइराख्ने' र गाजामा युद्धविराम हासिल गर्ने नयाँ उपायबारे छलफल गर्ने छन् । इजरायलप्रति दुई राष्ट्रको अडान फरक-फरक रहेको समयमा यो बैठक हुन लागेको हो । युद्धग्रस्त गाजामा अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गरी आफूले उपलब्ध गराएका हतियार प्रयोग हुनसक्ने भन्दै बेलायतले इजरायललाई ३० वटा हातहतियार निर्यात अनुमतिपत्र स्थगन गर्ने घोषणा गरेको छ । *रासस/एएफपी*

# वेस्ट बैंकमा भएको हत्याको स्वतन्त्र छानबिन गर्न माग

**जेरूसेलम–** वेस्ट बैंकमा इजरायली बस्तीको विरोधमा प्रदर्शन गर्ने क्रममा टर्की र अमेरिकाको दोहोरो नागरिकता भएकी महिलाको गोली हानी गरिएको हत्याको परिवारले स्वतन्त्र छानबिनको माग गरेको छ ।

परिवारले इजरायली सेनाले एक महिलालाई टाउकोमा गोली हानी हत्या गरेको आरोप लगाउँदै घटनाको स्वतन्त्र छानबिनको माग गरेको छ । वेस्ट बैंकको बेइटामा शुक्रबार भएको प्रदर्शनमा भाग लिने क्रममा २६ वर्षीय आइसेनुर एज्जी आइगीको टाउकोमा गोली लागेको थियो । 'हाम्रो जीवनमा उनको उपस्थितिलाई इजरायली सेनाले अनावश्यक, गैरकानुनी र हिंसात्मकरूपमा लिएको थियो,' आइगीको परिवारले जारी गरेको विज्ञप्तिमा भनिएको छ । शान्तिपूर्वक न्यायका लागि आवाज उठाएकी आइसेनुरको गोली लागेर मृत्यु भएको थियो ।

विज्ञप्तिमा भनिएको छ, 'हामी राष्ट्रपति जो बाइडेन, उपराष्ट्रपति कमला ह्यारिस र विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई एक अमेरिकी नागरिकको गैरकानुनी हत्याको स्वतन्त्र अनुसन्धानको आदेश दिन र दोषी पक्षहरूको पूर्ण जवाफदेहिता सुनिश्चित गर्न आह्वान गर्दछौं ।'इजरायली सेनाले प्रदर्शनका क्रममा सेनामाथि ढुंगा प्रहार गर्ने र उनीहरूका लागि खतरा उत्पन्न गर्ने हिंसात्मक गतिविधिका मुख्य उक्साहटकर्तालाई आफ्नो सेनाले गोली चलाएको बताएको छ । इन्टरनेसनल सोलिडारिटी मुभमेन्ट (आइएसएम) का अनुसार आइगी आइएसएमकी सदस्य थिइन् र उनी इजरायली बस्ती विस्तारको विरोधमा बेइटा भएको साप्ताहिक प्रदर्शनमा ऐक्यबद्धता प्रकट गर्न शुक्रबार बेइटामा पुगेकी थिइन् ।

हालैका वर्षहरूमा, प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरूले बेइटाको छेउछाउमा साप्ताहिक विरोध प्रदर्शनहरू गर्दै आएका छन् । संयुक्त राष्ट्रसंघको मानवअधिकार कार्यालय र राफिडिया अस्पतालका अनुसार शुक्रबारको प्रदर्शनका क्रममा आइगीको टाउकोमा गोली लागेको थियो । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले इजरायली कारबाहीलाई 'बर्बर' भन्दै निन्दा गरेका छन् । वासिङ्टनले यसलाई 'दुःखद' घटना भनेको छ र आफ्नो निकट सहयोगी इजरायललाई अनुसन्धान गर्न दबाब दिएको छ । तर, उनको परिवारले भने स्वतन्त्र छानबिनका लागि माग गरेको छ ।

'आइगीको हत्याको परिस्थितिलाई ध्यानमा राख्दै इजरायली अनुसन्धान पर्याप्त छैन,' मृतक महिलाको परिवारले भनेको छ । उनको परिवारले आइगीले सधैं प्यालेस्टिनीका जनताविरुद्ध हुने हिंसा अन्त्यको वकालत गरेको बताएको छ । करिब चार लाख ९० हजार मानिस बसोबास गर्ने वेस्ट बैंकमा इजरायली बस्ती अन्तर्राष्ट्रिय कानुनअनुसार गैरकानुनी छन् ।

अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजामा युद्ध सुरु भएयता इजरायली सेना वा बासिन्दाहरूले वेस्ट बैंकमा ६९० भन्दा बढी प्यालेस्टिनीको हत्या गरिसकेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली अधिकारीहरूका अनुसार सोही अवधिमा प्यालेस्टाइनी आक्रमणमा सुरक्षाकर्मीसहित कम्तीमा २३ जना इजरायली मारिएका छन् । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५३३०० | प्रति तोला - - | प्रति तोला - १७९५ |



**फापर फुलेको** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीको बारीमा फुलेको फापर खेती । फापर मुस्ताङको प्रमुख खाद्यबाली मध्येमा पर्छ ।
*तस्बिरः सन्तोष गौतम/रासस*

# केराखेती मासेर व्यावसायिक मकै खेती

■ **प्रभाव संवाददाता**

**बेलबारी (मोरङ)–** कोशी प्रदेशमा मकैको उत्पादनमा वृद्धि भएको छ । गतवर्ष भन्दा यस वर्ष एक लाख ६२ हजार सात सय ५३ दशमलव ९५ मेट्रिकटन धेरै मकै उत्पादन भएको कृषि विकास निर्देशनालय कोशी प्रदेशले जनाएको छ । प्रदेशमा गतवर्ष नौ लाख ७२ हजार ७३ मेट्रिकटन मकै उत्पादन भएकामा यस वर्ष ११ लाख ३४ हजार ८२६ दशमलव ९५ मेट्रिकटन उत्पादन भएको हो ।

गत आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको दुई लाख ८४ हजार तीन सय ४० हेक्टरमा मकैखेती गरिएको थियो भने आव २०८०/८१ मा दुई लाख ७५ हजार नौ सय ५१ हेक्टरमा मकैखेती गरिएको निर्देशनालयले जनाएको छ । क्षेत्रफल घट्दा पनि उत्पादनमा भने वृद्धि भएको देखिन्छ । अघिल्लो आवमा प्रति हेक्टर ३ दशमलव ४२ मेट्रिकटन मकै उत्पादन भएकोमा पछिल्लो वर्ष प्रति हेक्टर ४ दशमलव ११ मेट्रिकटन मकै उत्पादन भएको निर्देशनालयका प्रमुख प्रकाशकुमार डाँगीले जानकारी दिए ।

उनका अनुसार प्रदेशको १४ जिल्लामध्ये सबैभन्दा कम खोटाङमा प्रति हेक्टर १ दशमलव ८३ मेट्रिकटन र सबैभन्दा धेरै झापामा प्रति हेक्टर ७ दशमलव ८७ मेट्रिकटन मकै उत्पादन भएको छ ।

मकैको उत्पादन बढेसँगै किसान खुसी छन् । मोरङ बेलबारी १० भाउन्नेकी हिरा अधिकारीले केरा खेती मासेर व्यवसायीक मकै खेती गर्दै आएको बताइन् । उनले मौसममा डेड बिघा जमिनमा मकै खेती गरेता पनि बेमौसममा आठदेखि १० कठ्ठा जमिनमा छवर्षदेखि मकै खेती गर्दै आएकी छिन् । उनले भनिन्, 'गत वर्ष सात कठ्ठा जमिनमा लगाएको मकै ९० हजारमा विक्री भयो ।'

किसान अधिकारी जस्तै बेलबारी-८ राधानगरका महेन्द्र तामाङले १४ कठ्ठा जमिनमा मकै लगाउने गर्नुभएको छ । किसानको घरदैलोमै आएर व्यापारीले आकर्षक मूल्यमा मकै खरिद गर्न थालेपछि खुसी भएको उनले बताए । खाद्यान्न बालीका रूपमा लिइने मकै बाली पछिल्लो समय तराईका जिल्लामा बाह्रै महिना उत्पादन गर्न थालेसँगै नगदे बालीको रूपमा परिणत हुँदै गएको कृषि विकास निर्देशनालय कोशी प्रदेशका प्रमुख प्रकाशकुमार डाँगी बताउँछन् ।

सुकेको मकैभन्दा हरियो मकै बेच्न सक्दा राम्रो आम्दानी हुने गरेको उनले बताए । मकैको माग अत्यधिक रहेको छ, यसलाई फिड बनाएर बेच्न सक्दा अझ राम्रो आम्दानी हुने प्रमुख डाँगी बताउँछन् । परम्परागत अन्नबालीभन्दा राम्रो आम्दानी हुन थालेपछि तराई क्षेत्रमा पर्ने झापा, मोरङ र सुनसरीका किसानले व्यावसायिक रूपमा हाइब्रिड जातको मकैखेती गर्न थालेका छन् ।

तराइमा विशेषगरी हाइब्रिडअन्तर्गत पर्ने पाइजियर एक्स टि, रामपुर र पहाडमा विशेषगरी उन्नत जातमा रामपुर कम्पोजिट, मनकामना, गणेश साथै स्थानीय जातका मकै रोप्ने चलन रहेको निर्देशनालयका योजना शाखा अधिकृत काजिमान प्रधानले जानकारी दिए ।

# राहुघाट जलविद्युत् आयोजना निर्माण सुस्त

■ **प्रभाव संवाददाता**

**म्याग्दी–** नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा म्याग्दीमा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको निर्माण कार्य सुस्ताएको छ ।

भारतीय सिभिल ठेकेदार जयप्रकाश एसोसियट्सका मजदुरहरूले समयमा पारिश्रमिक नपाउँदा म्याग्दीको बहुप्रतिक्षित राहुघाट जलविद्युत्को बाँध, सुरुङ र विद्युत्गृह निर्माण कार्य सुस्ताएको हो । आयोजना प्रमुख राजबहादुर बिष्टले सिभिल ठेकेदारका मजदुरहरूको आन्दोलनका कारण निर्माण कार्य प्रभावित बनेको बताए ।

'केही महिनायता सिभिल ठेकेदार जेपीका मजदुरहरूले काम छोडेर जाने र भएकाले पनि कार्यस्थलमा ताला लगाएर आन्दोलन गरेका छन्,' उनले भने, 'आयोजनाका तर्फबाट भुक्तिनामा समस्या छैन ।' निर्माण कम्पनीको आन्तरिक समस्याका कारण मजदुर तथा कर्मचारीहरूले समयमा ज्याला पाउन नसकेको आयोजना प्रमुख बिष्टले बताए ।

जेपीका करिब सात सयजना मजदुरहरू राहुघाटमा कार्यरत छन् । सुरुङ निर्माण रोकेर आन्दोलनमा उत्रिएका मजदुर र निर्माण कम्पनीका प्रतिनिधिहरूबीच शुक्रबार भएको छलफलमा समयमै पारिश्रमिक दिने प्रतिबद्धता भएपछि शनिबारदेखि निर्माण कार्य सञ्चालन भएको जेपीका वरिष्ठ व्यवस्थापक राम सिंहले बताए ।

हरेक महिनाको तलब अर्को महिनाको १५ तरिकमा दिने गरेको थियो । यस पटक एक महिनाको तलब भुक्तानी गर्न ढिलाइ भएकाले



मजदुरहरू समस्यामा परेका छन् । शुक्रबार जुलाई महिनाको तलब भुक्तानी गरिएको र अगस्त महिनाको आगामी २० तारिकभित्र पारिश्रमिक भुक्तानी गर्ने सहमति भएपछि आन्दोलन फिर्ता गरेर मजदुरहरू काममा फर्किएको व्यवस्थापक सिंहले बताए ।

भारतीय आयात-निर्यात (एक्जिम) बैङ्कको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्ससँग २०७४ मङ्सिरमा सम्झौता भएको थियो ।

गत साउन १५ गते जोडिएको छ हजार दुई सय ७० मिटर लामो सुरुङलाई कङ्क्रिट र विद्युत् गृहको पूर्वाधार निर्माणको काम भइरहेको छ । बाँध निर्माण स्थलमा बाढी आएर थुप्रिएकाले असारयता निर्माण भएको छैन । ठेक्काको ४५ महिनाको अवधिमा कोरोना महामारी, बाढी र पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको छ ।

सिभिलतर्फको समग्रमा भौतिक प्रगति करिब ६० प्रतिशत रहेको आयोजना प्रमुख विष्टले बताए । विसं २०७६ कात्तिकमा ठेक्का सम्झौता गरेको इलेक्ट्रिकल ठेकेदार भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले भारतमा निर्माण गरेका उपकरणको परीक्षण गरी आयातको प्रक्रिया अघि बढाएको छ । इलेक्ट्रोमेकानिकलतर्फको २५ प्रतिशत भौतिक प्रगति भएको छ ।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलबिद्युत आयोजना निर्माण अघि बढाइएको थियो । पहिलो कार्यतालिका र सम्झौताअनुसार आयोजना विसं २०७० मा सकिनुपर्ने थियो । पहिले ३२ मेगावाटमा डिजाइन गरिएकामा पछि आठ मेगावाट बढाएर ४० मेगावाट पुऱ्याइएको हो ।

रघुगङ्गा गाउँपालिका-४ दग्नाम र ५ नं वडा झिँको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण भइरहेको छ । बेनी-जोमसोम-कोरला सडकको घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एकवटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सिधा सडकले जोडिएको छ । आगामी साउनभित्र राहुघाटको परीक्षण उत्पादन गर्ने लक्ष्य राखिए पनि सिभिल ठेकेदार कम्पनीमा देखिएको आर्थिक संकट चुनौती बनेको छ ।

# पर्यटकका लागि सहज बन्दै उपल्लो मुस्ताङ

**म्याग्दी–** पर्यटकको सहजताका लागि उपल्लो मुस्ताङका पदमार्गमा 'साइन पोष्टिङ' र पर्यटकीयस्थलमा सूचना पाटी तथा 'होर्डिङ बोर्ड' राखिएको छ ।

लोमान्थाङस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालय पदमार्ग पहिचान गर्न सहयोग पुग्ने साइन पोष्टिङ, पर्यटकीय, धार्मिक, ऐतिहासिक स्थलको महत्वका विषयमा जानकारीमूलक सूचनापाटी तथा वन्यजन्तुको संरक्षणबारे सन्देशमूलक होडिङबोर्ड राखेको हो ।

एक्याप लोमान्थाङका रेञ्जर मदन पौडेलले बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको छुसाङ, लो-घेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाको ४८ स्थानमा साइन पोष्टिङ, सूचना पाटी र होडिङ बोर्ड राखिएको जानकारी दिए । 'पर्यटकहरूले सङ्केत चिह्न हेरेर आफ्नो गन्तव्य पहिचान गरेर यात्रा गर्न सहज होस्, नहराउन र दुःख नपाउन भनेर साइनपोष्टिङ राखिएको हो,' उनले भने, 'गुफा, ताल, गुम्बा, दरबारलगायत ऐतिहासिक, प्राकृतिक, धार्मिक र पर्यटकीयस्थलको महत्व र विशेषता बुझ्नका लागि नक्सासहितको सूचनापाटी राखेका छौं ।'

स्थानीयस्तरमा पाइने दुर्लभ वन्यजन्तुको संरक्षण, मानव र वन्यजन्तुको द्वन्द्व न्यूनीकरण गराउन सावधानी अपनाउन सन्देश प्रवाह गराउने र पर्यटकलाई जानकारी गराउने



उद्देश्यले हिउँचितुवा, रातो भालु, तिब्बती अर्गेलीलगायत जनावरका बारेमा होडिङ बोर्ड राखिएको छ ।

अग्ला, नाङ्गा र उजाड पहाड पार गरेर छरिएका मानव बस्ती तथा पर्यटकीय, धार्मिक र प्राकृतिकस्थल जाने क्रममा पर्यटकले बाटो बिराएर भनेको भन्दा अन्यत्र पुग्ने, घुमाउरो बाटो हिँड्नुपर्ने र दुःख पाउने समस्या न्यूनीकरणका लागि सडक र पदमार्ग छेउछाउमा 'रेञ्जिङ पोल' र साइनपोष्टिङ राखिएको एक्यापका प्रमुख प्रमोदराज रेग्मीले बताए ।

उपल्लो मुस्ताङको दामोदरकुण्ड पुगेर फर्कनुभएका म्याग्दीको अन्नपूर्ण गाउँपालिका -५ का गणेश गुरुङ (सुरेन)ले उचाइ, गन्तव्यमा पुग्न लाग्ने दूरी, समय र त्यहाँको विशेषता उल्लेख भएको सूचनापाटी तथा साइनपोष्टिङले सहज बनाएको बताए । अझै धेरै ठाउँमा साइनपोष्टिङ, सूचनापाटी र होडिङ बोर्ड राख्नुपर्ने उनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप)मा समेटिएको उपल्लो मुस्ताङमा माटोको पर्खालभित्र रहेको लोमान्थाङ बस्ती, हरेक गाउँघका ऐतिहासिक दरबार, गुम्बा, गुफा, दामोदरकुण्डलगायत थुप्रै पर्यटकीय र धार्मिकस्थल छन् । मौलिक संस्कृति, रहनसहन, जीवनशैली र पृथक भूगोल पनि यहाँका आकर्षण हुन् । सन् २०२३ मा तीन हजार चार हजार ८४ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेका थिए । विदेशीको तुलनामा पछिल्लो समय उपल्लो मुस्ताङमा आन्तरिक पर्यटकको आगमन बढेको छ ।

अर्धनिषेधित क्षेत्र घोषणा भएको लोमान्थाङ, लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको पूरै र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ मा पर्ने उपल्लो मुस्ताङ भ्रमण गर्न विदेशी पर्यटकले दश दिनका लागि पाँच सय अमेरिकी डलर शुल्क तिर्नुपर्छ । दश दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन रु ५० का दरले शुल्क तिर्नुपर्ने नियम छ ।

निषेधित क्षेत्रमा बढी शुल्क तिर्नुपर्ने हुँदा पर्यटक आगमन अपेक्षित रूपमा बढ्न नसक्दा स्थानीयको जनजीवन तथा आर्थिक गतिविधि प्रभावित भएकाले निषेधित क्षेत्र हटाउन माग गरिएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टासीनर्बु गुरुङले बताए । *रासस*

# रोकाको 'वैकल्पिक अर्थतन्त्र' बजारमा

**काठमाडौं (प्रस)–** अर्थशास्त्री हरि रोकाद्वारा लिखित 'वैकल्पिक अर्थतन्त्र' बजारमा आएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा विमोचन भएसँगै उक्त पुस्तक बजारमा आएको हो । पुस्तक विमोचनपछि त्यसको समीक्षा पनि भएको थियो ।

त्यस अवसरमा लेखक रोकाले राजनीतिक वृत्त, नीति निर्माता, बौद्धिक जगत् र समग्र समाजबीच नेपालको अर्थ-राजनीतिबारे वैकल्पिक बहस आवश्यक भएकाले पुस्तक तयार पारेको बताए । देशमा बहुदलीय व्यवस्था प्रारम्भभएपछि सबै क्षेत्रमा सुधार हुन्छ भन्ने ठानिएकामा यथार्थमा त्यसो हुन नसकेको र राजनीतिक स्वतन्त्रता आए पनि आर्थिक तथा सामाजिक स्वतन्त्रता मुलुकले प्राप्त गर्न नसकेको उनले बताए ।

पूर्वकृषिमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का महासचिव घनश्याम भुसालले राजनीतिक तहमा अहिलेको अर्थतन्त्रका व्यावहारिक समस्या के हुन् र त्यसको समाधान कसरी खोज्न सकिन्छ भनेर निकै कम चिन्तन हुने गरेको बताए । उद्यम नगर्ने तर मुनाफा खोजीरहने प्रवृत्तिको अन्त्य नभएसम्म समाजवाद हासिल नहुने उनले बताए ।

अर्थविद् प्राध्यापक अच्युत वाग्लेले अर्थतन्त्रका विषयमा राजनीतिक दलहरूमा निकै कम विमर्श हुने गरेको बताउँदै अर्थतन्त्रबारे सुझबुझ भएका व्यक्तिलाई मुलुकको अर्थतन्त्र सञ्चालनको जिम्मेवारी दिइनुपर्ने बताए । विषयगत ज्ञान नभएका व्यक्तिलाई अर्थतन्त्र जिम्मा लगाउँदा त्यसले नतिजा दिन नसकेको उनले बताए । देशमा पुँजीवाद, उदारवाद, समाजवाद अथवा साम्यवाद जे भनेपनि सबै राजनीतिक दलहरू स्वार्थकेन्द्रित र भष्ट्राचारमा केन्द्रित भएको आरोपसमेत उनले लगाए । रोकाको पुस्तकमा नवउदारवादलाई आलोचनात्मक ढङगले हेरिएको प्राध्यापक वाग्लले बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य गीता पौड्याल अधिकारीले नेपालको आर्थिक नीति निर्माण प्रक्रियाप्रति प्रश्न उठाए । केन्द्रमा बसेर नीति तथा कार्ययोजना बनाउने तर त्यसलाई तल्लो तहले कार्यान्वयन गर्नुपर्ने विद्यमान अवस्थाले लक्षित नतिजा हासिल गर्न चुनौतीपूर्ण हुने उनले बताए ।

बेला पब्लिकेशनले बजारमा ल्याएको 'वैकल्पिक अर्थतन्त्र' पुस्तकमा वैकल्पिक आर्थिक नीति, राज्य र अर्थतन्त्र, कृषिको रूपान्तरण र खाद्य सुरक्षा, भूमिसुधार, औद्योगिक नीति, मौद्रिक नीति, कर प्रणाली पुनर्संरचनालगायत विभिन्न १२ वटा शीर्षकमा अर्थ राजनीतिक निबन्ध छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ